प्रदीप पौडेल
छत्रदेव-८,अर्घातोस
अर्घाखाँची अर्घाखाँची वाङ्मय १

सूर्य

प्रकाशक

श्री सरस्वती व्यावसायिक माध्यमिक विद्यालय
सूर्यधुम, अर्घाखाँची
लुम्बिनी अञ्चल, नेपाल

कुनै पनि मुलुकको शिक्षा प्रणाली मा त्यस मुलुकको आवस्यकताहरु प्रतिविम्वित हुन पर्दछ ।

-श्री ५ वीरेन्द्र

'सूर्य' (वार्षिक मुखपत्र)

वर्ष-१ अंक- १ (२०३८)

सम्पादक मण्डल:-

श्री कुलचन्द्र मरासिनी
श्री धर्म भूसाल
श्री हुकुम जी० सी
श्री राजेन्द्र आचार्य
श्री नीर प्रसाद पाण्डे

व्यवस्थापक मण्डल:-

प्र० अ० श्री दुर्गा प्रसाद बन्जाडे
श्री पीताम्वर भूसाल
श्री माधव प्रसाद पन्थी
श्री राम प्रसाद भूसाल
श्री दिलु प्रसाद प्रधान

प्रकाशक:-

श्री सरस्वती व्यावसायिक माध्यमिक विद्यालय, सूर्यथुम
अर्घाखाँची, लुम्बिनी अञ्चल (नेपाल)

मूल्य ५।—

यस अंकमा

सम्पादकीय

कवीता:- तिम्रो कर्तब्य, प्रभात, विकास गरौं, किसान के भन्छ ?, हाम्रो विद्यालय, कर्मठ बनौं, गर्छौं गर्छौं, विद्या, शिक्षित बनौं, हिम्मत नहार, साहस, सुन्दर नेपाल, सुन्दर नेपाल, छोरीले पनि पढ्नु पर्छ, बरको कर्तब्य, झोला भिरेर, हामी बन्न सक्छौं, बाबु-भन्छन, विदेश जाने नेपाली दाजु, सामन्ती हो ! छिटै विदा भैजाओ, शिक्षा, नेपाल र साक्षरता, देशको विकास गरौं, हाम्रो स्कूल, शिक्षा, शिक्षित हामी, तीन टुक्रा, हामी बालक, गरीबको पुकार, सबै जुटौं, हे दिदी बहिनी हो र गरीबको उद्धार ,

लेख तथा कथा:-
र .. . , छोरीको भविष्य, तलब कती छ ?, मोतो, शेक्षिक भ्रमण–एक सम्झना; परिश्रमको फल, टुहुराको भाग्य, शिक्षा र विभिन्न मत, आदर्शवाद र भौतिकवाद–एक विवेचना,

नाटक:- इतिहासले लत्याएका मान्छेहरू,

विद्यालय गतिविधि:-
प्र० अ० को मन्तब्य, विद्यालय सहकार्यकलाप सम्बन्धो विवरण, विद्यार्थी संख्या, विद्यालय सञ्चालक समिति, विद्यालय परिवार, पत्रिका का सहयोगी; सञ्चालक समितिका अध्यक्षको मन्तब्य ।

सम्पादकीय

उन्नतिको बाटोमा लम्किने अभियानमा यो पनि सूर्य कै जस्तो प्रातः कालीन अभियान हो । पुस–माघको जाडोले कठ्यांग्रिएकाहरूले कालो बादलले ढाकेका सूर्यको न्यानो रापको आशा गरे जस्तै यहाँ पनि यसको प्रतिक्षामा धेरै दिनहरू बितेका छन् । तर बाक्लो बादललाई आफ्ना तिखा किरणले बिस्तारै बिस्तारै पन्छाएर विश्वको अनुहार उज्यालो पार्ने सूर्यको रथ ताम्र कम्मर कसेका बाल-बालिकाहरूको आफ्नो-आफ्नो नौलो जोश, उत्साह र जाँगर यसमा झल्किएको छ ।

वस्तुतः साहित्यले मानव-समाजलाई यौटा नौलो प्रकाश दिन्छ, जुन प्रकाश मानव-समाजको उन्नतिकालागि अभिन्न अंग हो भन्ने कुरा निर्विवाद छ । यसले मानवसमाजमा व्याप्त रूढी, कुरीति र अन्धविश्वासलाई मुक्त कर्दै नौलो समाजको शिलान्यास गर्ने कार्यमा ठूलो भूमिका खेल्दै आएको कुरा यहाँ दोहोर्याइ रहनु पर्दैन ।

साहित्य मानवसमाजको यौटा प्रतिविम्ब हो, किनभने यसले अँगालेको हुन्छ भिन्न भिन्न व्यक्तिको अभिव्यक्तिलाई । हाम्रो विद्यालयका साना-साना भाई बहिनीहरूले नौलो उत्साह, उमङ्ग र जाँगर बोकेर 'सूर्य'को किरण समाती थामे सर्ने प्रयास गरेका छन् । मरुभूमिमा मरूद्यानकोमहत्व भए जस्तै साहित्यिक र सांस्कृतिक रूपले पछौटे भएको यस क्षेत्रमा यस 'सूर्यले' अवश्य पनि मरूद्यानको काम गर्नेछ भन्ने हामीले आशा लिएका छौं । कलिला बाल-बालिकाहरूलाई हातका औंलामा समातेर भए पनि यस क्षेत्रमा ताते-तातेमा पाइला चाल्न लगाउने यो पहिलो प्रयास हो ।

यो सानो संगालो सबैका निम्ति त्यति सन्तोषजनक, दोषरहित एवं बढी स्तरीय नहुन पनि सक्छ । तर यसले नियमित रूपमा आउने दिनहरूमा प्रगतिका किरणहरूलाई फैलाउँदै लेजानेछ भन्ने कुरामा हामी आशावादी नै छौं ।

अन्तमा तन मन लगाएर आर्थिक सहयोग जुटाउनमा सहयोगको दरिलो हात बढाउनु हुने साथीहरूलाई हामी मुरी-मुरी धन्यवाद दिन चाहन्छौं । उहाँहरू जस्तै सहयोगीहरूले गर्दा नै 'सूर्यधुम' को डाँडाबाट उदाएको यो कलिलो 'सूर्यले' अँध्यारा कुकुरा-कुकुरीहरू, कुना-कन्दराहरू र आज सम्म पनि अन्धकारले आफ्नो साम्राज्य फैलाई रहेका ठाउँहरूमा उज्यालोले झलमल पार्न अठोट गरेकोछ । भविष्यमा यसले अझ धेरै स्नेह पाओस् र अझै धेरै अँध्यारा ठाउँहरूलाई प्रकाश बाड्न सफल होओस् भन्ने कामना गर्दछौं ।

तिम्रो कर्त्तव्य

राम देव पाण्डे
कक्षा– १०

यदि तिमी नेपाली भए
हेर तिमी आफ्नो पछाडि
सन्तान तिमी कस्ताका हौ
को हुन् तिम्रा पुर्खा अगाडि

अनि सोच नेपाली हो
पूर्व कालमा के के भयो
हाम्रा पूर्खा कस्ता हुदा
नेपालीको ईज्जत रहयो

पूर्खा हाम्रा वीर हुदा
वीर हामी कहलायौं
लुते लाङ्ग्रे भए पनि
वीर पूत्र पदवी पायौं

तर आज बिर्सी सक्यौं
आफु कस्तो हुनु पर्ने
कर्तव्य यो होइन तिम्रो
आई पर्दा पछि हटने

पूर्खाको इज्जत राख्ने भए
पैसाको पछाडि लाग्नु निषेध छ
पूर्खाको इज्जत फ्यांक्नु भन्दा
मर्नु बरु बहुत बेस छ

तर यस्तो नसोचेर
पैसामा हामी बेचिने भए
विस्तारवादी र ती धनी देशहरु
नेपाल किन्न गर्नेछन तम

दूरदर्शी सगरमाथा
हेरीरहेछ तिम्रो चाला
तिमी अब के गर्नु छ
उसै संग सोधी हाल

अखिल नेपाल जोगाउने भए
गंगा, शुक्र, धर्म, अनी
तिमी उमाल वीरको रगत
जस्को साथै दशरथ पनि

अखिल नेपाल बेच्ने भए
बन ज्यूँदो मूर्दा सरी
विस्तारवादी र धनी देश
रमाउने छन् गीद्ध सरी।

प्रभात

अर्जुन बज्जाड़े
कक्षा– ८

जबनील-गगनमा उषाले लाली छायो
तब सूर्य उदायो अनि पंछि करायो
सरोवर भरका पद्म कोपिला खुलायो
मन्द-मन्द शीतल हावा सुगन्ध चलायो
उद्योगी जनलागे कामैको ध्येय आयो
किसान दाजु जीवनको भार बोक्ने भयो
मन्दिर-मन्दिरमा घन्टाको घन-घन आयो
जीवनको नौलो सुनौला प्रभात उदायो

विकास गरौं

सुश्री राधिका बज्राडे
कक्षा– ५

यहाँ यहाँ नेपाली दाजु भाई–
गाउँ घरको विकास गर्न लाई

हामी जस्तै मनुष्यले रकेट उडाए
तिनैले नै गाउँ-गाउँमा मोटर गुडाए

यहाँ यहाँ नेपाली दाजु भाई–
उन्नतिमा चम्केर जाऔं साथी

सवा करोड नेपाली एकजुट होऔं
एकजुट भइकन गाउँको विकास गरौं

छिमेकी ती देशहरु चन्द्रलोकमा पुगे
चन्द्रलोकमा पुगेपछि नौंलो युग ल्याए

यही छ मेरो पुकार साथी भाई
गाउँको विकास गरेर जाऔं साथी।

र....

–राजेन्द्र आचार्य

र तपैं ध्याच्च बस्नुभो मुई...य मुस्केरा हालेर, प्याच्च थुक्नुभो घिच्लिक बाह्की किचिलक्याएर, सीत्...त थुट्टो फाल्नुभो थुई . य कुइँकेर. डीच्च हाँस्नुभो हरू . उ डकारेर । नी...बरे नि तपैं मूला खानु भए च कर, हैन मूलाको चटनीसित कोदाको थापा थो उँडेल्नु भएचकर ! त्यांबत अमी...लो गोरस त न भैंसी रस अर्थात चाइनी मुई पुनि हुर्लंक हुरेल्नु भएच कर ! थे...य बिचरा, दाल भात तर्कारी समकाउनु भएन्तो ! चाइन्त्रो दूध आटो मुछेर झ्या-झ्प् पार्नओ भएपुनि हुनी । उती कति आटा माथि ठूली घुर्मीले तरर . रं घिउ च्वाएकोभए चाइनी भन्नु बेस् । चाइँस्ला चाइनी! लरर...रं दहीको ब्हात्लाक तरओ खोस्टो भए खात्तिउति खासा ।

हं .... के अरे-के अरे......'छिरोटी लासला जस्तो छ अरे।......अँ-अँ... हुलुल्ल थाइक्येलास्तो अर्थात् चाइनी मुखेबाट छेरियलास्तो छअरे ।' लो खा ! ओक्तो मुलो नाइँ नास्ति । लो लो चाइन्त्रो भट्ट अर्थात् चाइनी ब्हातेँ डॉक्डरकों सुइँकन परो अँ, के अरे ''–'छोओ ता स्याओ अरे...क्वाप्पे दशओ बीस खान्छअरे'...तपैं ता अचम्माओ मनुवा गाँठि तेसै मरिराम्ने तो ?... अँ-अँ के अरे...डुलुवा अरे– धूप धजो अक्षती थरे, थुइ.. य - लोन फामादाई' फू मस्तरकी बाचा हेर् हेर् हेर् गरन ।

ए'''। तपैं त टक्कक्कै हुनएच । अँ, चाइँस्ला चाइनी के मेसो छ तो नि ? ...अँ के अरे.. 'दाल असोजैमा सैक्यो अरे '' पत्थरकोटे चाँवल पुनि मेला मेसौं कुत्रु कुत्रु पार्न चाइनी अरे...अँ अँ घिउ पुनि तेत्येरै चाख्नी अरे...अँ तर्कारी भन्नुकि तिउन भन्नु, सिन्कीमुकाखाग र यसो मुख फेर्न ता तितौरा-मस्यौरा अरे ।'...थुई...य तपैंको गोति । दूध आटो लंकाए के नेपरिन्छ नि, कन्नापरि बुद्धि भाका । माखा बा मन्टा निचरेर ठेकियाँ घिउ तुर्काउने छुचो बानी भाका हुनुनी रैच गाँठे ।

चाइन्त्रो के भन्नओ अरे, अँ के अरे...'मक्कै भरि रामराम दुइय-दुइय भए साहुका थोक्रो अरे . यांत मा को दूध ठेकां तुल्क नपारे भुट्टुनै हुन्न अरे. चाँदी रुम्मौन हरियो मुइँ पनि हुन्न अरे...अँ चाइस्ला चाइनी अचाललाई ब्याना सिन्की र आटो, बेल्कियाँ कोदाओ रोटो र चटनीओ भतेर छ अरे...साउनां त्यही पुनि सैक्येर घर-घरौले थाल् खाम् कि ढिंडो खम् गरौंचन् अरे...कपडा पैसा तिर्न नसकेर मैना-

मैनामारी पाँचले ब्याज र स्याज जोड्दै साहुले बही उराल्दै छन रे...साहुका मके मुरी ब्याज खत्रक्कै अड्केर दृष्टि ग्ररीदे भन्चन् अरे...।'

घै तेरी । तपै ता तीन कौडीओ गिदी भा'का हुनुने रैनच । चट्ट पैसा लगेर तिरन-बारन पानु'स्, बही केराउन् स्, अकर्नाम् चेल्न पठाउन् स् । चाइन्नो स्वाम्म बेसाएर ग्वाम्म खान् स् । लरक लाएर टडक फर्'स् । लखपति भए चईंस्ला चाइनी तनक खाएर रनक्क पर्न्'छ । चुई-चुई घरेर अकर चाइने कुट संगाल्न् हुंदोरैछ तपैं । छर-छरी धेरै भए चिरिप्‍र नशो फटाउन् स् । के फिकर छ चाइनो ।

के अरे...'म लाटो अरे तपैं बाह्र भुक्तान सहेको अरे'''भो तावो पानी लाउनओ...देख्यौ हरि गति । अ"-अ" के अरे भन्न् स् ...'म सुम्रआ थेली हूक्यौ मान्छेला के थाहा अरे...न भएको पैसा फां खनेर तिर्न अरे...साहुकाको भाउ जान्न् भाके छ अरे...कुखि रीन ठूला बडा र मस्तै धितो भएका टाठा-बाठाहुरूले चप्कौंचन् अरे...। ठूला-ठालू र बाठाहुरूले के अरे अकर चाइनी केभरे...कर्म खुल्किएका, उसजुनियाँ पाप गरेका पापिष्ट भनेर सराप्चन्, पर्गेल्चन अरे...ज्यातेरिका रीन अल्लि पुगे दर्शे-त्वाबर घुचेट्ने बिरौटा दृष्टि थास गरिदिन्चन् अरे... उस्तैपरे अलिकन बेथा पुगे जेथा नाउँका सुर्का-सुर्की दामासाहीमा खराङ खुरूङ मेटिदिन्चन् अरे...। अनि यिनै भलाद्मीहुरूले शोषण नगर्ने, गरीप-गुरूवा, लाटा-गाँडाको भलो गर्ने...दम्कौने मनुबाला दम्काएर, फकौंने मनुबाला फकाएर ओल्टाङ्-पल्टाङ् पारी रे रकम झारचन अरे...अ' चाइँ केरे मौका लरक काउलोलाएर दरा पाखुरा भाका लाटा-गाडा कज्यौन यिनै शिपालु छन् अरे.. अ' चाइँ केरे बास छिना-छारा खुट्टा दरा भा का मनुवाहुरू सिठे थारो लाएर बाह्रै मास भारी बोक्न ला छन् अरे... र उही माथि चाइनी खुट्टालुटा भा का लाटा गाँडाहुरू अशिक्षा र अज्ञानतावस भाग्यवाद कर्मवादका मन्तर जप्दै आफ्ना पुर्पुरा ठोक्ने, झाँक्री मन्साउने, जल खेती पाखा खेती धूप-अक्षती एही माथि छत्र मक्कल-वायु दस्सल रगत पार्ने, देवी डाक्ने गर्चन अरे ।

घैत्तेरी ! साँचै यस्तै हो भने यार ता तपैं पुनी उही डचाङ को मुला अर्थात् चाइनी त्यही खोरओ छेकडी । कुरा थन्-थन् कामा कन्-कन् । मुसो मार्ने ह्याउ हैनच तपै ता पोल्टा ।'''हं, के भन्नओ अरे ।...'अब त्यसरी हव भागी र कर्म खुल्किएको कलंकले डामिएर न बस्ने अरे...र अन्याय-अत्याचारको सूईले न घोंचिने:अरे...दया र चाप्लुसिवाको पंगरी न गुथ्ने अरे... चाइँस्ला चाइन्नो बर्लोक-पर्लोक्को सुनिमयाँ सित मर्या नलाउने अरे...चाकडी-चुक्ली भरि दाइँ सोह्रोरो लाउनेअरे...र चाइन्नो शोषण र दमन बिरूद्ध संघर्ष गर्ने अरे......र......

किसान के भन्छ ?

नारायण प्रसाद बञ्जाडे
कक्षा- ९

हिमालको तल-तल स्याउ खेती गरौं
पहाडीया क्षेत्रभरी फल-फूलले भरौं
पर्वतीय क्षेत्रभरी पशुपालन गरौं
तराई भर उन्नत खेती हरीयाली भरौं

पहाड़को भुकमारीलाई तराईले टारौं
पहाड़का फल-फूल घीउ तराईतिर सारौं
पहाडीया क्षेत्रविर याता-यात खोलौं
विकाशको लागि यहाँ एक जुटभई बोलौं

देश हो महाधनी गरीब हौं हामी
याता-यात कलकारखाना खोले हुन्छौं नामी
औषधिका कारखाना आफ्नै देशमा खोलौं
पहाडका जडिबुटी कारखानामा भरौं ।

हाम्रो विद्यालय

लक्ष्मण आचार्य
कक्षा- ६

सूर्य धुम स्कूल रेलीमैं क्या राम्रो छनी
भविष्यमा रेलीमैं क्याम्पस होलानी

बारिपट्टि विद्यालय पारीहिमचूली
यहि सूर्यधुम विद्यालयमा पढौं मिली जुली

चौधवटा ढोका छन्नी ५४छन् झ्याल
विद्यालयको वरिपरि लाखौं होलान् हाल

फूलबारीमा रेलीमैं फुलेको फूल
कति राम्रो रेलीमैं सूर्यधुम स्कूल

सूर्यधुममा पढ्न भनि कति साथी आउँछन
यो विद्यालय देखेपछि सबै रमाउछन्

यो विद्यालयमा पढ्न भनी ६०० छात्र आउँछन
यो विद्यालयका शिक्षक बाट धेरै शिक्षा पाउँछन्

वारि पट्टि रेलीमैं हिमचूली टल्केको
वारि पट्टि रेलीमैं स्कूलैं झल्केको ।

कर्मठ बनौं

बाल कृष्ण भुसाल
कक्षा- १०

सुन सुन नेपाली साथी, हाम्रो देश लैजाऔं झन माथि

अहिले हामी साना छौं त पछि ठूला हुन्छौं
एक एक पाईला चाली सगरमाथा छुन्छौं

त्यसैले हो सुन साथी मैले केही भन्छु
तिमी संग न भन्दै म केही कुरा गर्छु

साना ठूला सबै एक बनौं अब हामी
देश अघि बढाएर बन्नु पर्छ नामी

बाउ-बाजेको इज्जतलाई अगालेर अब
नर-नारी मिलीकन बढौं अघि सब

देश अघि बढे मात्र हामी अघि बढ्छौं
चाहे आवस् काल शत्रु निश्चय नै लड्छौं

हाम्रा पूर्खा लडेका हुन् देश जोगाउन
हामी पनि लड्छौं अझै मानव झैं जिउन

सुन सुन नेपाली साथी हाम्रो देश लैजाऔं झन् माथि

गर्छौं गर्छौं

—परशु राम पाण्डे
कक्षा– १०

दशरथ, गङ्गा, शुक्र, धर्म जस्तै हामी
बिकास गर्छौं नेपालको देशभक्त बनी
पहाड जस्तै बलियो भै अगाडि बढेर
छोड्दछौं सबै शोषकको खोपडी फोरेर

कुरा होइन काम पनी गरेरै छोडौंला
धम्की देखि डराउँदैनौं लडेरै मरौंला
गरीबको उद्धारमा लाग्छौं अब हामी
स्वदेशको बिकास गर्छौं सदैव तत्पर रही

कुरा गर्न अघि सर्छन काम्मा पछि हट्छन्
आफ्नो काम सफल पार्न हप्काई दप्काई गर्छन्
गरीबको छाती टेकी पेट फुलाएर
हुन्छौ अझै ठालु तिमी गरीब भुलाएर !

विद्या

लोक प्रसाद श्रेष्ठ
कक्षा– १०

विद्या हो ठूलो मानिस जनको यो ठूलो संपत्ती
विद्या नै पढी गरीब धनी बनेका छन् कति
के गर्न यहाँ त्यो धन पछि मरे त नाशिन्छ
विद्यार्जन गरे यो संसारमा मरे नी बाँचिन्छ'

बन लौ चाहे अरबपति के गर्छ धनले
विद्यार्जन गरी प्रख्यात बनौं यै स्वच्छ मनले
राजा नै पनि पूजिन्छ केवल यै देश भरिमा
विद्वान भए पूजिन्छ सबले यो विश्व भरिमा

विद्या नै पढी कैयन मानिस चन्द्रलोक पुगे रे
विद्या नै पढी मंगलमा पनि जान नै आँटे रे
पहिले हाम्रो देवता भनी जुनचीज पूजिन्थे
लौ हेर आज विद्वान् पुगीखुट्टाले कुल्चिए

लौ हेर आज पढेको मान्छे बन्यो है देवता
सामन्ती प्रथा उन्मूलन गर्न यै दिन्छ क्षमता
धनले ल्याउँछ अहम खालि विद्या नै शान्ति हो
यो विश्व भरमा अमूल्य चीज विद्याको कान्ति हो

शिक्षित बनौं

अमर बहादुर पाण्डे
कक्षा– १०

दाजु भाई दिदी बहिनी पढौं लेखौं अब
शिक्षित बनौं। अघि बढौं। राम्रो हुन्छ तब
जति हामी शिक्षित छौं उति बनौं। ज्ञानी
विकासमा लम्क्यौं। भने काम हुन्छ नामी

विद्यार्थीको कर्तव्य हो लेख्नु-पढ्नु खेल्नु
अन्याय र अन्याचारलाई अन्त्य गर्न सिक्नु
विद्यार्थी हौं भने हामी ज्ञान हासिल गरौं
पढी सकी शिक्षित भई देशको विकास गरौं

विकासको हल्ला मात्र भयो आज साथी
तिमी हामी कम्मर कसी गरौं दिन राती
युवकहरु पछि रहे कामै हुने छैन
विकासको ज्योति बालौं पछि हट्ने हैन

छोरीको भविष्य

शि० श्री गेहर कँवर

रामुको घरमा आज हर्षका आवाजहरू गुन्जिरहेका छन्। दुई चार जना बाहुनहरूले पूजा पाठ गरिरहेका छन्। केही दाजु भाईहरू पनि जम्मा भएका छन्। रामु पनि हसिलो अनुहारमा केही सामानहरू किन्न बजारतिर जान्छ। अनि सामानहरू लिएर आफ्नो आमाको हातमा दिन्छ। श्रीमतीको काखमा बालखले दूध खाँदै गरेको हुन्छ। ऊ अरू काम गर्न थाल्दछ। मध्यान्ह तिर पूजा-पाठ सकिन्छ। बाहुनहरूले केही विधि अनुसार बालखको नाम सरस्वती राखिदिन्छन्। रामुकी एक मात्र छोरी हुँदा उसको राम्रो पालनपोषण हुन्छ।

यसरी कैयौं दिनहरू बित्दै जान्छन्। सरस्वती पनि विद्यालयमा पढ्न जान सक्ने भइसकेकी छ। रामुले सरस्वतीलाई ५-६ वर्षको उमेरमा विद्यालयमा भर्ना गराइ दिन्छन्। सरस्वती विद्यालयकी एक नियमित छात्रा भइसकेकी छ। उसका धेरै संगिनीहरू साथ साथै पढ्ने खेल्ने गर्दछन्। विद्यालयमा उनिहरू ज्यादै नै अनुशासित भएर पढ्ने गर्दछन्। यसरी उनिहरू पाँच कक्षासम्म साथसाथै पढी परीक्षामा राम्ररी उत्तीर्ण हुन्छन्। सरस्वती र उसका संगिनीहरु आपसमा हेलमेल गरी बस्ने गर्छन्: एकले अर्कोलाई ज्यादै नै प्रेमको दृष्टिले हेर्दछन्। कहिलेकाँही उनिहरू आपसमा घरी-घरीका गफ गर्दै समय बिताउँछन्। एक दिन बिमलाले सरस्वतीलाई भनेकी थिई। "हामीहरू आपसमा कहिल्यै पनि छुट्टिने छैनम्। संगसंगै पढ्ने छम् अनि भविष्यमा समाजको लागि केही योगदान दिनेछम्।" सरस्वतीले पनि यो कुरालाई स्वीकार गरेकी थिई।

तर एक दिनको कुरा रामुको घरमा सरस्वतीको विवाहको बारेमा चर्चा भइरहेको थियो। बिचरा सरस्वतीलाई भने केही थाहा थिएन। उसको विवाहको लगन तोकिसकिएको थियो। सरस्वतीको इच्छा विपरीत आफ्नो बाबु र गाउँलेको जबरजस्तीले विवाह गर्नु परेकोमा उसलाई ज्यादै दुःख लागेको थियो। यसमा गाउँघरका दुईचार जना भलादमीहरूले पनि भनका थिए। "छोरी त अर्काको कमारी हो, घरभन्दा गरी घर व्यवहार गर्नु पर्दछ, पढ्नु हुँदैन, पढ्यो भने तम्नेरीहरूलाई चिठी लेख्छन्।" इत्यादि। यी शब्दहरू सरस्वतीको कानमा परिसकेका हुनाले उसको मुटुमा चस चस घोचिरहेका थिए।

गाउँघरतिर प्रायः छोरीहरूलाई नीच भावनाले हेरिन्छ। यसरी सरस्वतीलाई पनि यस्तो घटना आईपरेकोले र बाबुको बचन काट्न नसकी इच्छा विपरीत विवाह

भयो । उसलाई आफ्ना साथी संगिनी छाडेर घर जान धेरै नरमाईलो लाग्यो तर विवाह भइसकेपछि घरतर्फ जान करै लाग्यो ।

सरस्वतीको गंगाधर सग विवाह भएको थियो । विवाह भएका धेरै वर्षहरू बित्दै गए । सरस्वतीलाई बालखैमा धमाधम बच्चाहरू जन्मन थाले । अब सरस्वती आमा बनीसकेकी छ ।

सरस्वतीको माइतका संगिनीहरूले राम्रो संग पढ्दै गइरहेका थिए । यिनीहरूमध्ये बिमला सरस्वतीकी ज्यादै हीतकी संगिनी थिई । बिमलाले अहिले एस्. एल्. सी. परीक्षा दिईसकेकी छ । केहीदिन पछि उसको एस्. एल्. सी. को परीक्षा फल प्रकाशित हुन्छ । ऊ राम्रो डिभिजन ल्याई पास भएको छ ।

अब ऊ गाउँको विद्यालयमा शिक्षिका हुन्छे । त्यसपछि उसलाई तालिममा जाने राम्रो मौका मिल्छ । अनि ऊ तालिममा जान्छे र केही समय पछि तालिम प्राप्त गरी आफ्नो विद्यालयतर्फ फर्किन्छे । सरस्वतीको घरमा भने आधा दर्जन छोरा-छोरीहरूले सताई रहेका थिए । एकदिन ऊ ती भुन्टाङ् भुन्टुङ् हरूलाई लिएर माइत आइ रामुलाई ती नातीनातीनाहरू देख्दा ज्यादै चिन्ता लाग्यो ।

एक दिन रामु गाउँतर्फ घुम्न गएको थियो । घुम्दा-घुम्दै उ बिमलाको घरमा पुग्यो । बिमलाले उसलाई राम्ररी चिनी अनि ढोगदिई र उसले सरस्वतीको बारेमा केही कुराहरू सोधी । रामुले सरस्वतीको बारेमा दुःख सुखका कुराहरू बतायो । रामुलाई बिमलाको त्यो सुखी जीवन र शिक्षिका भई गाउँघरका बाल-बालिकाहरूलाई साक्षर बनाई उनिहरूको भविष्य उज्यालो पारिदिने जस्ता कुराले ज्यादै नै उत्साहित बनायो तर आफ्नी छोरी सरस्वतीको दुःखी जीवन सम्झदा उसलाई धेरै चिन्तित बनायो । उसले सरस्वती र बिमलाको बारेमा केही कुराहरू दाँजिर हेर्‍यो तर धेरै कुरामा भिन्नता पायो । उसले आफैलाई दोष दिदै मनमनै भन्यो– "सरस्वतीको बा कुरामा भिन्नता पायो । उसले आफैंलाई दोष दिदै मनमनै भन्यो– "सरस्वतीको बा विवाह गर्ने इच्छा थिएन, मैले उसको इच्छा विपरीत विवाह गरिदिएँ । यदि मैले उसको विवाह नगरी दिएको भए र दश कक्षासम्म पढाएको भए सरस्वती पनि बिमला जस्तै शिक्षिका बन्ने थिई । उसले जस्तै गाउँघरका निरक्षरहरूलाई साक्षर तुल्याउने थिई ।"

रामुलाई गउँका दुइचार जनाले भनेका थिए "हेर रामु, अब तैंले पछुताउने कुरा छैन । अब आउने कुरालाई सोंच्नु पर्दछ ।" अरू एक दुई जनाले भनेका थिए-"भगवानले सबैलाई एक एक गरी भाग्य तोकिदिएका छन् । सबैको आ-आफ्नो भाग्य हुन्छ । यसै अनुसार सबैले आ-अफ्नो भाग्य भोग्ने पर्छ ।" तर यो कुरा अन्धविश्वासी थियो र यसै अवसरमा बिमलाले रामुलाई सम्झाउँदै भनेकी थिई- "हेर्नुहोस् बुबा अब पछुताएर केही लाग्दैन जे जस्तो सोचेर व्यवहार गर्नु पर्ने हो त्यो सब पहिले नै सोचेर

काम गर्नु पर्दछ । भाग्यत आफ्नो हातको कुरा हो यसलाई जस्तो बनायो उस्तै हुन्छ । भाग्यलाई दोष नदिनुहोस् यो सब तपाईको दोष हो । यदि तपाईले सरस्वतीलाई विद्यालयबाट नछुटाई हामीसित संगसंगै पढ्न दिनु भएको भए अहिले सरस्वतीको यो हाल पक्कै हुने थिएन" । इत्यादि कुराहरू सम्झाएर बिमला आफ्नो गाउँको विद्यालय तर्फ लागी ।

हुनपनि सरस्वतीलाई ज्यादै नै नराम्रो अवस्था भोग्नु परेको थियो । एक ता उसका आधा दर्जन छोरा छोरीहरूलाई पाली लाउन, खान र शिक्षा दिन नसकी धौ धौ भइसकेको थियो, अर्को कुरा आफ्ना संगिनीहरू शिक्षिका भई गाउँमा बसेका आफ्ना बालबच्चा हरूलाई आफैले शिक्षा दिन नसकी उनै शिक्षिकाको हातमा सुम्पिनु परेकाले र आफु भुत्ले भाङ्ग्रे भई घर व्यवहारमा धस्सिनुपरेकोले गर्दा उसलाई कस्तो कस्तो लागेको थियो ।

यसरी सरस्वतीको कलिलै उमेरमा उसले पढ्ने इच्छाबाट हटाएर बिवाह गरिदिएकोमा उसको जीवन भर दुःखी परिवार हुन गयो । रामुले पहिलेनै गल्ती गरेकोले पछि आएर पछुताउँमा परी छोरीलाई सम्झि रहनु परेकोमा उ ज्यादै दुःखी छ र उसलाई चिन्ता छ "छोरीको भविष्य कसरी सुध्रीएला" ।

हिम्मत नहार

कृष्ण प्रसाद श्रेष्ठ

कक्षा– १०

जाग जाग हे नेपाली, सुयोग्य बाटो अँगाली
आफ्नो जन्म भूमी नेपाल लाई, फुले फलेको बनाउन लाई
नष्ट नगरौं समय बसेर, उद्योग गरौं कम्मर कसेर
बुद्ध भृकुटी जन्मे यही देशमा, गरौं काम यही मनुष्य भेषमा
स्वदेशको गर्नु पर्छ भलो, विदेश गई नबगाऊँ रगतको खोलो
पराईका बूट बजारेर, शान्ति हुँदैन पराईका शत्रु मारेर
विदेश गई तन मन दिएर, खुकुरी फन्काउने बानि छोडेर
गरौंन उद्योग पसीना चुहाई, खानु पर्छ आफ्नो सच्चा कमाई

साहस

हिम बहादुर जि० सी०
कक्षा– १०

म सानु देशको म सानु मान्छे
छोड़दिन कहिल्यै हिम्मत र साहस

पहाडका लेख त मदेशका सेफ
नेपाली दाजु तुटदैन है गाँस

पहाडका पाखा र यो सितल हावा
भिजेको सबै खलखली खाउँला

गोरखाली वीर निडुरेर हैन
शत्रु समाउन हटेर जाउला

मत नेपाली हिम्मत कहिल्यै पनि
हार्दिन, हार्दिन, हार्दिन, हार्दिन ।

सुन्दर नेपाल

–मणिराम खनाल
कक्षा– ६

सुन्दर छ नेपाल हेरिरहुँ जस्तो
हेर्दा हेर्दै प्रेम बस्ने यो देश छ कस्तो
आकाश राम्रो छ पृथ्वी राम्रो
सुन्दर शान्ति छ देश हाम्रो
बेसा तराई हरियै छ कस्तो
हिमाल फेरि हेरिरहुँ जस्तो
पूर्व मेची देखि महाकाली सम्म
नदी, वन, गाउँ छन् पुरै टम्म
ठूलो भन्दैमा चीन जत्रो छैन
सानो भन्दैमा अति सानो छैन
चीन भारतको बीचमा रहेको
बिकासको निम्ति छ कम्मर कसेको
यो देश हाम्रो कमल फूल जस्तो
ठण्डा र गर्मी मिलेको छ कस्तो
अझै हाम्रो देश विकासमा सानो छ
पन्ध्र मुठी देशको पौरख मानो छ
प्रकृति सौन्दर्यले आफै कहन्छ
आँखामा नबिलाउने देश सधै अमर रहन्छ

सुन्दर नेपाल

नृप बहादुर गुरुङ
कक्षा– ६

कति राम्रो नेपाल, कति राम्रो हिमाल
यता हेर्छु छायाँ उता हेर्छु घाम

पहाडमा फुल्छन् कति लाली गुराँस
मधेसमा झुल्छन् आफ्नै तालमा अन्न

बन-पाखा हेर्छु गाई-बाख्रा चरेको
माथि आकाश हेर्छु मालचरी उडेको

मेची-कोशी-गण्डकी इज्जत राखी बग्छन्
सूर्य-चन्द्र झण्डाले निशान आफ्नो ताक्छन्

किसान दाजु खेतमा हलो जोती खान्छन्
बाँसीहरू वनमा भाका मिलाई गाउँछन्

नेपाल! नेपाल!! नेपाल,!!! कति सुन्दर नेपाल

छोरीले पनि पढ्नु पर्छ

कृष्ण बहादुर सुनार
कक्षा– ६

हामी हाम्रा देशमा जन्मी हुर्कि रहेछौं
देश विकास गर्नलाई शिक्षा हासिल गर्दछौं
डाँडा र काँढा हरियो बन खोला छ बगेको
हिमाल चुली शीरमा बसि क्या शोभा बढेको

शान्तिको बत्ती बालेर सबै अगाडि बढौं है
नेपाल आमा छोरा छोरीलाई आशिष दिन्छिन है
छोरा र छोरी एकै हौं हामी अगाडि बढ्नु छ
विश्वको कुना कुन्चामा बसी इज्जत राख्नु छ

सुख र दुःख केही पनि होइन समान हक छ
नेपाली हामी मिलेर सधै काम गर्ने बानी छ
डाँडा र काँडा हरियो बन सुन्दर पार्नु छ
नेपाली हामी मिलेर सबै इज्जत राख्नु छ

छोरा र छोरी एकै हौं हामी सबैले पढ्नु छ
सक्दिन एक्लै, मिलेर हामी विकास गर्नु छ
छोरीलाई पनि पढाउनु पर्छ छोरा झैं ठानेर
नबुझेकालाई बुझाउनु पर्छ सबैले मिलेर

वीरको कर्तव्य

-दिन मणि आचार्य
कक्षा- १०

हे वीर हिंड अघि तिमी देशलाई अघि बढाउन
कातर नहौ तिमी डटी वढ देश विकास गराउन
यदि सबै हामी कातर बन्छौं त उँभो लाग्दैन देश
जाउँ हामी सबै लड्दै भीड्दै काँडा नरहुन यहाँ शेष

हामी सबै काम गरौं भविष्य बनाउँ देशको सपूत ?
कर्तव्यको ख्याल गरी हिड्नेहरु हुन्नन् कुनै कपूत
हाम्रो ठूलो अभिभारा छ यहाँ देशको निर्माण गर्ने
आकाशका तारा जस्तै अटल भई दृढ आस्था राख्ने

ईशारा हैन-कुराले हैन हातैले गरौं काम
जब हामी काम गर्दै अघि बढ्छौं तब रहन्छ नाम
गर्दै जाऔं-गर्दै जाऔं हार नखाऔं जो छौं हामी यहाँ
अरुको मात्र राम्रो देख्ने गर्ने हैन बानी हामी यहाँ

तलब कति छ ?

शि० श्री अनिरुद्र सुवेदी

आज भन्दा केही दिन पहिलेको कुरो हो । म करीब ६-१५ बजेतिर विद्यालय- तर्फ जाँदै थिएँ । म एकसुर्ते भएर बाटोमा हेर्दै अगाडि बढिरहेको थिएँ । यसै अवसरमा मेरा एक परम मित्रसंग टुप्लुक भेट भयो, अनि उहाँसंग केही बेर कुराकानी भयो । ल त अहिलेलाई बिदा हौं मलाई हतार छ भन्दै विद्यालयतर्फ पाईला के बढाउँदै थिएँ, लगभग ८-१० हात पर पुगिसकेपछि मेरा मित्र फनक मतर्फ फन्को- मारेर आत्तिएको स्वरमा मलाई एउटा प्रश्न तेर्साउनु भयो । "तपाईंको तलब कति छ नि ?" मैले ढाँट्छल् गर्न पछि लागिन वास्तविक उत्तरदिएँ । अहिले मेरो तलब रु २५५।- छ । उहाँ केहीछिन मौन रहनु भयो । म वहाँको बोलीको प्रतीक्षामा अड्किरहें । केही छिन घोत्लिईसकेपछि खिन्न भएको स्वरमा भन्नु भयो- "ए त्यसो भए त ठीकै छ ।"

मलाइ विद्यालय पुग्न ढिला भइरहेको थियो । अनि म हतारिएर विद्यालयतर्फ लागें । बाटोमा हिड्दा विभिन्न तर्क-वितर्क मनमा खेलिरहेका थिए तापनि मौनव्रत लिएकै थिएँ, । कारण म एक्लो थिएँ । अब मलाई विद्यालय पुग्न धेरै बाटो थिएन । अचानक मेरा एक पुराना सहपाठीसग टुप्लुक भेट भयो, अनि म आश्चर्यमा परें साथै उहाँ पनि । किनभने हामी दुई सहपाठीको धेरै समयपछि मात्र सयोगले एकै ठाउँ टुप्लुक भेट भएको थियो ।

उहाँसंग केही समय दुःख सुखका कुरा गरिसकेपछि मैले पहिलेका मित्रसंग जस्तै भनें- "मलाई अलि ढीला होला जस्तो भयो । अहिले विदा हौं है फेरि फेरि बसौंला ।" अनि उहाँले तपाईंको योग्यता कति छ ? भन्नुको सट्टा पयाट्टै प्रश्न गर्नु भयो- "तपाईंको तलब कति छ ?" अब मैले केहीबेर सोंचे वास्तविक कुरो बताउंदा पहिले भेट भएका मित्रले झैं दुवै ओंठ लेप्राउंदै 'ए त्यसो भए त' भनेको झंझे, किनभने प्रश्न पहिलेको र अहिलेको एउटै थियो । मैले भनें अहिले मेरो तलब पुगनपुग रु ५००।- छ ।" पुगनपुगको अर्थ यहाँ मेरो सोंचाई अनुसार रु २४५।- नपुग हुन पनि सक्थ्यो । अनि सहपाठीले भन्नु भयो-" ओहो ! राम्रै त रहेछ नि, धरपाई मिलेको तपाईंलाई त आनन्दै छ ।" दुवै विदा भयौं । उहाँले आफ्नो बाटो तताउनु भयो, मैले पनि आफ्नो बाटो । त्यसको केही छिनपछि विद्यालय पुगें ।

विद्यालयमा करीब ९-३० बजेतिर एक जना लाहुरे विद्यालयको कार्यालयमा पसेर सबैलाई एकैपटक बम्ले हात गरे । यस बेला टिचर स्टाफ सबै एकै ठाउंमा

थियो, कारण टिफिनको बेला थियो । अनि उसले विद्यालय संबन्धि विभिन्न कुराहरू जस्तै-विद्यार्थी कति छन् ? मास्टरसाप कति हुनुहुन्छ ? यो विद्यालय कुन सालमा बनेको हो ? आदि प्रश्नहरू सोधाए । हामीहरूले पनि ती प्रश्नको उत्तर क्रमशः दिंदै गयौं । उनी अब केही समय बोलेनन् । हामीहरू आ-आफ्ना काममा व्यस्त थियौं । उनले फेरी केही प्रश्न गर्न खोजेजस्तो गरी हतारिए अनि मेरा नजिकै बसिरहेका साथीलाई भने- "तपाईंको तलब कति छ ?" मलाई पनि त्यस्तै प्रश्न गरे । म मेरै धुनमा थिएँ । केही उत्तर दिईन वास्तवमा भन्ने हो भने यो प्रश्न सुन्ने बित्तिकै मेरो ध्यान खिरिक्क भयो, म निराश भएँ, नसुने जस्तो मान पारें । उनले फेरि पनि उही प्रश्न दोहोरयाए । मैले उत्तर दिन बाध्य हुनु परयो । मैले विचार गरें-बोल्नु भन्दा संकेत गरी उत्तर दिन ठीक पर्ला, अनि दाहीने हातका पाँचवटै औंलाहरू नखुम्चाइ हात उठाई दिएँ । उनले औंला गन्न थाले, एक दुई तीन चार पाँच सय । मेरा साथी-हरू पेट मिचीमिची हाँस्न थाल्नु भयो । उहाँहरूले यसको तथ्य बुभ्न सक्नु भएको थिएन । साथीहरूले लाहुरेको प्रश्नको उत्तर ठीक ठीक दिदै गइरहनु भएको थियो ।

कुनै साथीले मेरो तलब रू २५५।- छ भन्नु भयो । कुनैले रू ३७०।- छ भन्नु भयो ! कुनैले रू ६००।- छ भन्नु भयो ।, भने कुनैले रू ७००।- छ भन्नु भयो । मैले यस समयमा लाहुरेको अनुहारमा एकोहोरिएर हेरि रहेको थिएँ, उनको अनुहारमा धेरै परिवर्तन भएको पाएं । रू २५५।- भन्दा उनको अनुहार चार दिन भात नखाए जस्तो निन्याउरो देखिन्थ्यो भने रू ७००।- भन्दा उनको अनुहार भर्खरै भात खाएको जस्तो उज्यालो देखिन्थ्यो । जे भए तापनि मैले दिएको उत्तरमा उनी सन्तोष नै थिए, कारण मेरो तलब उनले पाँचसय भन्ने बुझेका थिए तर साथीहरूले दिएको उत्तरमा भनें रू २५५।- र रू १,७०।- भन्दा उनको अनुहार सन्तोष थिएन । किनभने उनलाई योग्यताको मतलब थिएन' केवल तलबको मात्र मतलब थियो । जे भएतापनि अब हामीहरू आफ्नै धुनमा लाग्यौं । बेलुकीको ४ बजेसम्म विद्यालयमा नै अध्यापन गरीसकेपछि' सबै आ-आफ्ना घरतर्फ लाग्यौं ।

म एक्लै गाउँको बाटो हुँदै घरतर्फ फर्किरहेको थिएँ । यसै अवसरमा मेरा एक नातेदारसंग टुप्लुक्क भेट भयो । उहाँले मलाई प्रश्न गर्नु भया- "तपाईंले कहाँ पढाउनु हुन्छ रे अनि यहाँको तलब कति होला ?" मलाई भनक्क रीस उठ्यो, दिक्क लाग्यो, दुबै कान ताते । भूईं फन्फनी घुमे जस्तो लाग्यो थ्वाक्कै भनिदिउँ- "तिमीलाई यस्ता कुराको के चासो ?" रीसको आवेगमा यस्तै मन्थन गरें, केहीछिन घोरिएँ, विचार गरें । अनि मुसुक्क हाँस्दै सही उत्तर दिएँ ।

अब मैले विचार गरे कि "तलब कति छ ?" भन्दै प्रश्न सोध्ने व्यक्ति मसंग भेट भएसम्म बाक्कै फुटेका चिची-बुढी देखि लिएर बाक्कै नखइकेका बूढा-खत्ता कोही

पनि बाँकी रहने छैनन् । त्यति मात्र कहाँ हो र । छोरीको विवाह गरीदिनको लागि पहिलेको जमानामा कति मुरी धान हुन्छन् ? कति वटा माच छन् भन्दै घरमा फनफनी घुम्थे । आजकाल भने "केटाले कति तलब पाउँछ, नोकरी कहाँ छ ?," भन्न थेरै थालेन ।

तपाईंले पनि विचार गर्नु होला, चाहे तपाईं कार्यालयमा जानोस्; दुकानमा जानोस्, विद्यालयमा जानोस्, क्याम्पसमा जानोस्; गाउँघरमा जानोस् टोलीको जानोस्, जोसुकैसंग भेट हुनोस् सबैले प्रश्न तपाईंको साम्ने तेर्साउने छन्- "तपाईंको तलब कति छ ?" शायद तपाईंले- "तपाईंको योग्यता कति छ ?" भन्ने व्यक्ति विरलै भेट्याउनु हुने छ । आजको जमाना- तलब कति छ ? को जमाना ।"

झोला भिरेर

महेश कुमार श्रेष्ठ
कक्षा- ७

कति राम्रो यो हाम्रो स्कूल
छुट्टि हुँदा म बाहिर निस्कुँला
तानसेन घमाईलो, हाई स्कूल खुलेको कति रमाईलो
हाम्रो स्कूल क्या राम्रो लौ हेर
तैयार भयो पहाड फोरेर
झोला भिरेर, म जान्छु स्कूल तिमीलाई लिएर
तीन पञ्चायतका जनताले खनेको
खन्दा खन्दै हाई स्कूल बनेको
छोरी पढाउँ है, शिक्षा नै ठूलो छ जीवन बनाउँ है
फूलबारीमा फूल राम्रो फूलेको
बल्ल यहाँ दशकक्षा खुलेको
'यु' आकार भवन; स्कूल पढ्न म जान्न भन्न

हामी बन्न सक्छौं

टोप लाल खनाल

कक्षा- ८

हामी आगो बन्न सक्छौं
हामी पानी बन्न सक्छौं
विश्वका अरु देशलाई हेरेर
हामी जे पनि बन्न सक्छौं

हामी डाक्टर बन्न सक्छौं
हामी ईन्जिनियर बन्न सक्छौं
विश्वको स्थिति हेरेर
हामी जे पनि बन्न सक्छौं

हामी रोगसंग लड्न सक्छौं
हामी भोकसंग लड्न सक्छौं
बदलिदो युगलाई हेरेर
हामी सबै गर्न सक्छौं

हाम्रो सबै अधिकारलाई
लिंदै हामी अघि जान्छौं
हामी सिपाही बन्न सक्छौं
हामी ढाल बन्न सक्छौं

आवश्यक परेमा हामी जे पनि बन्न सक्छौं

मोतो

सह्योगी समिति

देवेन्द्र नाथ वंजाडे

कसैले देख्न र थाहापाउन समेत नसक्ने आवश्यक समयको लागि ओझेल नगरिएको आफ्नो सोंचाइमा लगनसिल भएका वखत बाहिरी होहल्लाले बाधा पुरयाउन नसक्ने शान्त वातावरणले छाएको स्थललाई एकान्त स्थल भनिन्छ । त्यस्तो वातावरणमा रही कुनै उद्देश्य पूर्तिको निमित्त संगठन गरी सुस्त-सुस्त खस्याक खुसुक काम कुरा गर्ने परिपाटीलाई एकान्त मोतो या वुर्के-कचेरी भनीन्छ ।

मानिसएक सामाजिक प्राणिहो । समाजमा रहेर नै उसले आफ्नो र समाजको उन्नती गर्न सक्दछ ! समाज बिना उसले कुनै पनि उन्नति गर्न सक्दैन । त्यसर्थ मानिसलाई समाजको वढी आवश्यक परिरहन्छ । आफ्नो मानवीय शक्तिले रसिलो पोशिलो भएको मन्तव्य समाजमा दर्शाउन नसकी समाजलाई टुक्र्याई एकान्त मोतो या वुर्के कचेरी गर्ने स्वभाव-अविकसित, अशिक्षित र वैमनस्यको क्रियाकलाप सृजना बर्ने चिन्हहो । यस दुर्के कचेरीले विभिन्न मतमतान्तरको पक्ष विपक्ष उत्पन्न गराउंछ । एउटै विचार धारा भए एकान्त मोताको पनि आवश्यक पर्दैन थ्यो होला । गुण दोष जेछ-त्यसलाई समाजमा देखाउनु सक्नु नै सामाजिक बन्नुहो । समाजले दोषलाई सुधारी गुणको मर्यादा गर्दछ । पक्ष विपक्ष उत्पत्ति हुन सक्दैन । एकान्त मोतो या वुर्के-कचेरी को संगठन गर्न समाजबाट अलगगिनु हो भन्न सकिन्छ । प्राणीमा सर्वोत्तम प्राणी मानिस समाजमा टुक्रिई पृथक पृथक बन्नु धेरै हानिकारक कुराहो । यसैले मानव समाजलाई पक्ष विपक्ष हुन नदिनु सही विकाश निर्माण कार्यमा सघाउ पुरयाउनु हो ।

पक्ष विपक्षको उत्पत्ति २ प्रकारको हुन्छ ।

१) शैक्षिक गतिविधि सुधार्नको निमित्त । २) अयोग्य पदाधिकारीको क्रियाकलापबाट ।

१) शैक्षिक गतिविधि सुधार्नको निमित्त उत्पन्न भएको पक्ष विपक्ष एकछिनको मात्र हुन्छ । यसको मुल उद्देश्य आफ्नो पक्ष विपक्षमा भएको गुण अवगुणलाई छलंङ्ग्याई तीनमा भएको मानव समाजका लागि उपयुक्त तत्वको खोजीनीति गरी गुणबाट समाजको कल्याण गर्न र अवगुणबाट सावधान रही बचने सामाजिक सुधारको सूत्रपात गर्नु मात्र हो । जस्तै विद्या, धन, कलम तरवारमा हुने वादविवाद र हरेक खेल कूदमा हुने प्रतियोगिता । यसमा एकपक्ष अर्को पक्ष भन्दा कसरी अगाडी

हुरू भन्ने धारणाले आफ्नो कार्यमा मेहनत र अनुशाशीत बन्ने प्रेरणा पैदा हुन्छ। जसले गर्दा कर्ता श्रोता दर्शक हरूमा आनन्द उत्साह र उमङ्ग पैदा भई मनको दुख हटी सुख शान्ति प्राप्त हुन्छ।

अयोग्य पदाधिकारीबाट उतपन्न हुने पक्ष बिपक्षले समाजमा धेरै वैमनश्य उत्पन्न गराउछ। एकान्त मोतो किन भन्दा त्यसको अनुसन्धान सुरुहुन्छ। आफुलाई थाहा नभएको काम कुरा थाहा पाउन खोज्नु मानविय संस्कारलाई प्राकृतिक सक्ति भन्न सकिन्छ। समाजका बिच गर्न नहुने काम कुराहरू निश्चयनै खतरा पूर्ण हुन्छन। यदि एकान्त मोतोका काम कुराहरू खतरा नभए मोतोको आवस्यकता नै पर्दैन थ्यो होला।

सही कामकुरा गर्न धेरै जन समूहमा नै राम्रो हुन्छ। सत्य कुरा बोल्न, समाजको हित र कल्याण रच्न, ब्यक्तिगत मुलाहिजामा नलापि निस्पक्ष बोल्न एकान्त मोतोको आवश्यक पर्दैन। जसले समाजको हित र कल्याण देख्न सक्दैनन्। त्यसले आफ्नो कपटी ढङ्गले अर्कालाइ छलकपट को फन्दामा फसाउन अनैतिक र अभद्र ब्यवहार अँगाली लाटा-सिधा जनताको आँखामा छारो हाल्न मात्र मोतोको आवश्यक पर्छ। यस्तो एकान्तले गर्दा समाजमा सघर्ष उतपन्न हुन्छ। एक पक्षले समाजको हित र कल्याणमा केही औंल्याएको छ भने अर्को पक्षले घोर विरोध गर्ने परिपाटी बनिसकेको हुन्छ। यस्तो सघर्षको धुनमा समाजको कल्याण हुनता परै जावस सोंच्ने बानी पनि हराई सकेको हुन्छ। यिनमा केवल पक्ष विपक्षको संघर्षमा हार जीतको होट बाजी मात्र हुन्छ।

जसरी वैज्ञानिकहरू विभिन्न तत्वको संयोगबाट एक नौलो आविस्कार गर्न सक्छन्, उसै गरी भिन्न भिन्न मत भएका मानवलाई एउटै सूत्रमा बाँधी परोपकारी हरू शान्ति स्थापना गर्न सक्छन्। यसकारण समाजमा शान्ति स्थापना गर्न मानविय संस्कारले सुसंगठीत आफ्नो पदमा योग्य पदाधीकारीहरूको आवस्यक पर्दछ तसर्थ जुन समाजको मूली आफ्नो पदमा ठीकछ, त्यस समाजको प्रगति उत्तरोतर बढ्दै गएको हुन्छ।

जब समाजमा आफ्नो कार्य दक्षताको अभावमा जाल प्र पञ्च रचना गरिन्छ, तब ती स्थापनाहरूको प्रतिक्रिया तुरुन्तै आफ्नो अगाडि देखापर्छन। अनि त्यहाँ वैमनस्यको मूल फुटिहाल्छ र त्यसलाई मानविय शक्तिले तुरुन्तै अन्त्य गर्न आवश्यक पर्न आउछ। यसरी आत्म शक्तिको अभावमा असान्ति फैलिने र प्रभावमा शान्ति कायम रही आएको क्रियाकलाप पुरानो इतिहासले पनि झल्काई रहेको देखिन्छ। यसैले मानव समाजमा शान्ती कायम राखी विकाश निर्माणलाई अगाडि बढाउने साधन केवल मानविय शक्तिमात्र हो। यसको विकल्प केही हुन सक्दैन। जुन समाज धेरै अमानविय शक्तिले विजय भएकोहुन्छ, त्यहाँ शान्ति र उच्च विचारहरू तले अल्मलिई रहेका हुन्छन्। उनीहरूलाई शान्ति कायम राख्ने र माथी पुग्ने साधनको कल्पना गर्ने बानी पनि बसेको हुँदैन।

अतः आज जतातते धेरै जोडतोडको बेगले अगाडि बढिरहेको शिक्षा क्षेत्रले नै मानव ज्ञानको वुद्धिगराई मानवको मस्तिस्कबाट मानवताको मूल फुटाली सारा संसार भरमा शान्ति कायम राख्ने पहिलो मूहान केवल शिक्षा क्षेत्रमात्र हुन सक्छ। तसर्थ निकट भविश्यमा सम्पूर्ण मानव शिक्षित बनी विश्व सान्तीको सपना बिपना हुनेछ भन्ने कुराको आशागरीन्छ।

बाबु भन्छन्

बोम्बहादुर खड्का
कक्षा–९

मन छ मेरो पढाएर देश विकास गरुन् भन्ने
धनी मात्र के होला अम्बरछ मेरो वचन सुन्ने
मलाई सिकाउलान् भए छोरा छोरी म भन्दा जान्ने
तिनीहरूले भनेको आजत भएँ नी म मान्ने

छोरी भए पढी गुनी तारा समेत गन्ने
आकशका ती ताराहरूको सजिलै नाम भन्ने
छोरा भए आँटी साहसी दुस्मन संग लड्ने
दुश्मनको साहस छैन नेपाल सँग बाझ्ने

दुवै भए जान्ने यहाँ देशको विकास गर्लान्
नजान्नेलाई जान्ने बनाई देश माथि राख्लान्
जन्म भूको ठूलो ईज्जत यिनीहरू राख्लान्
सगरमाथा हाम्रै टोपी भनी काम गर्लान्

विदेश जाने नेपाली दाजु

गोपाल प्रसाद पाण्डे
कक्षा–८

हे दाजु भाईहो, किन जान्छौ यो देश छोडेर
एक्लो घरमा कोही पनि छैन बाउ आमा छोडेर
बिहानै उठी कोईली आउँछ तिमीलाई बोलाउन
उठन छोरा उठन नानी भनेर आउँछिन्-आमाले बोलाउँछिन्

तिमी नै युवक तिमी नै सपूत देशमा मर्नु छ
बाउ आमाको मलिनो मुख हँसिलो पार्नु छ
तिमीले गरे हिउँचूली अग्लो आकाश छुने छ
यो देश भरि लम्केर हामी उज्यालो पार्नु छ

अरूको देश राम्रो छ भनी विदेश नजाउ
आफ्नो देशमा जस्तो भए पनि आफै गरेर खाउँ
हामीले नै झलमल पारौं यो देश सुन्दर
नेपाली वीर मिलेर सबै गरे के हुन्नर !

भोलि हैन आजै गरौं समय छोटो छ
विदेशको भात खानु भन्दा नेपाली पीठो मीठो छ
देशको भलो चाहेर हामी अगाडि बढ्नु छ
देशका शोषक किर्ना अटेर्ना यी संग लड्नु छ

सामन्ती हो ! छिटै विदा भै जाओ

हरि बहादुर राय
कक्षा–१०

नेपाल आमा भन्छिन् तिमीलाई छैन यस लोकमा स्थान
कहिल्यै पनि सुन्न चाहन्निन् तिम्रो कुमतिको गानबयान

सच्चालु भनि कति घमण्ड गर्छौ हुँदैन कसै गरेपनि
तिम्रो व्यवहार देखेर नेपाल आमा रुन्छिन् पागलबनी

तिम्रो व्यवहारबाट आउँछ सधैं विषको धारा बगी
बाँच्नु उचित छैन जाउ तिम्रो दुर्गुणलाई लगी

कुन जनावरले जन्म दिए होला तिम्रो यस लोकमहाँ
तुरून्तै जाउ नेपाल आमा पर्छिन् असहय शोकमहा

शिक्षा

रुद्र बहादुर ढेंगामगर
कक्षा–८

हे नेपाली सम्पूर्ण दाजु-भाई अघि बढौं देश विकास गर्न लाई
शिक्षा हासिल गरी गरी अघि बढौं साथी
जति शिक्षा सिक्छौं हाम्ले उति बढ्छौं माथि
अघि बढौं, विकास गरेर-शिक्षा सिकौं सबैले पढेर

देश विकास गर्न भनि शिक्षामानै लडौं
सके सम्म प्राण त्यागी अघी-अघि बढौं
शिक्षा हासिल गरेपछि बल्ल पाईन्छ मान
शिक्षाले नै सहयोग गर्छ उन्नतिमा जान

जन्म ठाउँ नेपालदेशलाई- विकास गरौं जननी-भूमिलाई
अरु देशका मानिसहरु चन्द्रलोक पुगे
हामी पनि पुगौं ज्ञानी शिक्षा सिक्न जुटे
हामीहरु पढन भनि विद्यालयमा आउँदा
भाग्यमानी रहेछौं। साथी शिक्षा सिक्न पाउँदा
हार नखाई देश विकास गर्नेछौं।-विकास गरी स्वावलम्बी बन्नेछौं।

शिक्षा हासिल गरी-गरी माथि माथि लम्कौं
हामीहरु शिक्षित बनी बिजुली झैं चम्कौं।
मेहनत धेरै गरी शिक्षा सिकौं। मिली
जन्म देशलाई पारौं। साथी झिली र मिली

राम्रा कामले अगाडि बढौं।-बढेरछि देश विकास गरौं।

नेपाल र साक्षरता

कृष्ण प्रसाद पाण्डे
कक्षा–१०

नेपालका हे किसान दाजु भाई !
विद्यार्थीको आह्वान छ साक्षर हुनलाई

नेपालका हे किसान वर्ग
तिमी सधैं काम गर्छौ रात दिन भरी

बस्नु छैन खानु छैन राम्रो गरी गरी
आफ्नो काम गर्नु छैन बसेर घरमा

तिम्रो जीवन त्यसै बित्यो परेर डरमा
तिम्रो सधैं देखिन्छ पसिना चुहेको

रुन्की रहेछ गीत तिम्रो खान नपाएको
लाउनु छैन खानु छैन परिश्रम गरी

शहिदका रगतलाई नफाल हे खेर
फटाहा र सामन्तको विरोध गरौं डटेर

नेपालका हे किसान दाजु भाई !
विद्यार्थीको आह्वान छ शिक्षित हुनलाई !

देशको विकास गरौं

मोहन कुमार आचार्य

कक्षा–६

देशको विकास गर्नलाई अघि अघि सरौं
विकास गर्न मनलागे हामी सबै पढौं
हामीहरू देशको लागि प्राण समेत दिन्छौं
प्राणको बाजी थापी देश विकास गर्छौं

हामी सबै मिलिजुली देशको विकास गरौं
दाजु-भाइ दिदी-बहिनी स्कूलमा जाऔं
कुरा भन्दा काम धेरै गर्न हामी सिकौं
काम धेरै गरेपछि विकासमा लम्कौं

देशको विकास गर्न सके हामी हुन्छौं सुखी
देशमा विकास छैन भने सबै हुन्छौं दुःखी
गाउँको विकास गरेपछि देश माथि पुग्छ
हामी सबै काम गरे देशको विकास हुन्छ

शैक्षिक भ्रमण-एक सम्झना

कुलचन्द्र मरासिनी

संसारमा यात्रा वा भ्रमण सम्बन्धी लेखहरू वा ठेलीहरू प्रशस्त लेखिएका देखिन्छन् । हाम्रो सानो संसार नेपालमा पनि यात्रा सम्बन्धी रचनाहरू फाटफुट रूपमा देखा पर्न थालेका छन् । धेरै जसो मानिसहरू विदेश भ्रमण गरेर यात्रा विषयक लेखहरू लेख्ने गर्छन् । विदेश गएर आफ्नो संस्कृती र परम्परा विपरीत अभक्ष्य वस्तु खाएर मुख मिठ्याएको र विदेशी रौनकमा हुर्केका युवतिहरूसित अंगालो मार्दै हिंडेका कुराहरूले त्यहाँ सन्मान र आदर पाएको पाईन्छ । तर यो यात्रा विदेशी रंगीन संसारको नभै आफ्नो डाँडा-काँडाको, आफ्नै सुख-दुःखको, आफ्नै पाखा-पखेराको र आफ्नै विद्यार्थीहरूका साथ गरिएको यात्रा गरेको कथा भएकोले सबैका निम्ति उति चाख लाग्दो नहुन पनि सक्ला ।

यस किसिमको यात्रा (शैक्षिक भ्रमण) मैले २०३५ सालमा पनि गरेको थिएं । तर त्यो यात्रा यसभन्दा केही सुविधायुक्त थियो, किनभने म त्यसबेला काभ्रेपलान्चोक जिल्लाको खोपासी स्थित श्री राम मा. विद्यालयमा पढाउने गर्थें । यात्राका निम्ति विद्यार्थीहरूको सख्या ११० थियो, बसको यात्रा थियो । गन्तव्य स्थान पोखरा- फेवा-ताल सम्म थियो । पूर्वेली भाकामा नाचगान-बजानको साथ साथै नौला-नौला दृश्य-हरूको अवलोकन र अनुभवले टुंगिएको यात्रा मेरो जीवनको महत्त्वपूर्ण यात्रा थियो ।

विद्यालयको आयोजनामा गरिएको यो भ्रमण निकै चाख लाग्दो थियो । २०३७ साल जेठ २८ गते बिहान करीब नौ बजे श्री सरस्वती व्या. मा. विद्यालयको प्राङ्गणमा चार जना शिक्षक साथीहरू र ५० जवान विद्यार्थी भाईहरू भेला थियो । सबैका अनुहार हँसिला रसिला थिए ।

हाम्रो ५४ जनाको भ्रमण टोली गुल्मी जिल्लाको केही महत्त्वपूर्ण गाउंहरूको अवलोकन गर्न भनी उत्साह र उमङ्ग बोकेर 'सूर्यथुम' देखि बरल्डाँडाको उकालो लाग्यो । बाटामा विद्यार्थीहरूले मादल ठोकेर भयाउरे गीत गाए । हाम्रो टोली बीच-बीचमा-नाच्दै-गाउंदै बजाउंदै हाल गुल्मी जिल्लाको सदरमुकाम, 'रेसुङ्गा' पर्वतको काखमा बसेको 'तमघास' मा एकछिन अलमलियौं । चिया-चमेना गरेर बाटो लाग्ने निर्णय भएकोले हाम्रो डफकाले चिया-चमेना गर्‍यो ।

दिउसो दुई बजे तिर हाम्रो डफका मादलको तालमा भयाउरे रन्काउंदै 'अर्खले' हुंदै 'मुसिकोट' जाने बाटो तिर लाग्यो । बाटो एकदम ओरालो थियो । ओर्लनेहरूको लामो लस्कर कन्तीको लाम-लस्कर जस्तै देखिन्थ्यो । सबैका निम्ति यो बाटो नौलो

भएकोले प्रत्येक पहाड र खोल्सा-खोलाहरूले हामीलाई आफ्नो प्रथम परिचय दिईरहे-का थिए ।

भालुखोला (सेतीखोला) मा एकछिन सुस्ताई आफूले ल्याएको 'अनिपात' सेतो पानिसंग निलेर हामीहरू 'छल्ली-पनाहखोला पार गऱ्यौं । अब हाम्रा अगाडि चुनौती-का रूपमा योटा ठूलो पहाड ठडिई रहेको थियो । यो उकालो हामीलाई 'पेंगा'को उकालो भन्ने लागि रहेको थियो । तर हाम्रो सोंचाइ गलत साबित हुन पुग्यो । केही पर तेर्सो बाटा मुनि, खोलाको किनारमा योटा 'घट्टा' देखा परघो । 'घट्टा' देखेर विद्यार्थीहरू छक्क परे । किन भने धेरै जसोले यस्तो 'घट्टा' देखेके रहेनछन् : बाटामै हामीहरुले यिनीहरूलाई बर्ग्यौं र लाग्यौं 'ताल्तुङ' तिरको बाटो । याहाँ हामीले रातो चिया पियौं । बेलुकीको पाँच बज्न लागि रहेको थियो । मुसिकोट पुग्ने कम सम्भाव-ना भएकोले यस दिनको बास पेंगा, प्राथमिक विद्यालयमा बस्ने निधो गरेर 'निस्ती' खोलाको झोलुङ्गे पुल तर्दै 'तालतुङ' लाई वारिपट्टिको पखेरामा छोडेर 'पेंगा'को उकालो चढ्न शुरू गऱ्यौं । यस उकालोबाट दक्षिण-पूर्वमा रेसुङ्गा, परातमो र अन्य पहाडहरू हाम्रो बाटो हेरिरहेका थिए ।

उकालो चढ्दा पसीनाले भिजेका हामी एक छिन चौंरमा बस्यौं । विद्यार्थीहरू-ले मादलको तालमा गाउने-बजाउने र नाच्ने गर्न थाले । यहाँ धेरै गाउँलेहरू भेला भै सकेका थिए । रात परिसकेको हुँदा एक जना त्यहाँका शिक्षक साथीको सहयोग लिएर विद्यालयमा पुग्यौं । त्यस विद्यालयका प्र. अ. ले हामीलाई ठूलो सद्भावना देखाउनु भयो । हामी धेरै हुनाले यस किसिमको बन्दोवस्तलाई हामीले वहाँका तारी-फ गऱ्यौं । भात खात खाने कार्यक्रम राती ११ बजे भयो । दुःखको कुरा-एक जना बलिष्ठ विद्यार्थी डेस्कबाट खसी लडेको कुरा हामीलाई थाहा भयो । हामी संग प्राथमिक उपचारका औषधि पनि थिए । सामान्य उपचार गरी सुत्ने तर्खरमा लाग्यौं । रात भर 'मूसल धारे' पानी बर्षि रहेको थियो। यसरी हामीले पहिलो दिन बितायौं ।

अर्को दिन बिहान ६ बजे सम्म पनि पानी सिम-सिम परिरहेको थियो । हामी उठेर आफ्नो बाटो लाग्यौं , हामी लाई पानीले रोक्न सकेन । हामी त्यहाँका सहयोगी मित्रबाट बिदावारी भई लाग्यौं 'मुसिकोटको' उकालो' पुरानो भूरे राजाहरूको राजधानी हेर्न रहरको उकालो । हामी बिहान ६. ३० बजे तिर 'पृथ्वी नि. मा. वि. मुसिकोटको मैदान पुग्यौं । त्यहाँबाट देखिने दृश्य हामीलाई निकै राम्रो लाग्यो, किनभने उत्तरतिर स्पष्ट हिमालको दृश्य देखिनुका साथै तलतिर समथुल्ल भएर बगेको 'बाङग्यार' निकै उत्तेजित देखिन्थ्यो । यस विद्यालयका एक जना शिक्षकले हामीलाई विद्यालयको आन्तरिक वातावरणमा सम्मिलित गराउनु भयो ।

वहाँहरूले भननलाई नवबधुलाई जस्तै सिंगार्नु भएकोमा हामीले वहाँहरूलाई धन्यवाद नदिई रहन सकेनौं । यस ठाउँलाई हामीले 'खलपीडित' इलाका भन्न पनि पुग्यौं किनकि यहाँ बिहान भरमा मुश्किलले एक खेप मात्र पानी ल्याउन सकिंदो रहेछ । पानीको अभावमा भात खान नसक्ने स्थिति देखेर चियाको साथ बिस्कुट निलेर, लाग्यौं भकुण्डो नअडिने ओरालो । लामो ओरालो झरेर बडियार खोलाको झुलुङ्गे पुल पार गरेपछि हरियो मकै खेती नजर गर्दै नौलो ठाउँको नौलो रनकमा रमाउँदै 'वामी टक्सार'को बजारमा पुग्दौं ।

'वामी टक्सार' यो योटा ऐतिहासिक थलो रहेछ । टक्सार भनेको टक (रूपियाँ) काट्न थलो रे । यो पहिलेका राजाहरूले रूपियाँ काट्ने ठाउँ थियो रे । यो ठाउँ चारै तिरका मुख्य मुख्य ठाउँ तिर-तानसेन, बागलुङ, हुम्ला-जुम्ला-जाने ठाउँमा पर्दो रहेछ । यहाँ एउटा माध्यमिक विद्यालय रहेछ । यहाँका शिक्षक साथीह-रूबाट ठूलो सहयोग प्राप्त भयो । खानपिनको लागि एउटा सानो होटेलमा कुराकानी भयो । चामल धिउ हाम्रै साथमा थियो । हाम्रो थकित दफ्फाले यस दिनलाई यहीं बिताउने निधो गऱ्यौं । विद्यालयमा गएर त्यहाँका विद्यार्थी र शिक्षक साथीहरूसंग मित्रताको गाँठो दरिलो पार्न सामाजिक चिनापर्ची भयो । साथै कक्षा अवलोकन पनि भयो । दुवै पक्षका विद्यार्थी बीच मैत्रीपूर्ण भलिबल खेल शुरू भयो । यसरी नौलो ठाउँमा आएर नयाँ साथीहरूसित परिचित हुन पाउँदा हामी-दुवै तर्फका-रमाउन सम्म रमायौं बेलुकीको सुनौला घामको किरणमा संयुक्त फोटो पनि खिच्यौं (खिच्यौं) अब हामी खाना खाने तर्खरमा लाग्यौं । होटेलमा सबैले एकै पटक ज्यूनार गर्ने स्थिति पनि थिएन । पालै पाला गरी यस दिनको प्रमुख हात मुख जोर्ने काम सबैबाट भयो । तर ''' । यस होटेलमा प्रायः पोथीको आवाज चल्दो रहेछ, किनकि पोई जुठा भाँडा डोकामा बोकी पानी भर्नतिर, आई नोहि अनुहार मलिनो पारी कुचोले जूठो बढार्ने कामतिर र केही मान्दा पनि झर्किएर बोल्ने र रिसाउने तर हामीले भने पैसा तिरेरै खानपिन गरेका थियौं ।

विद्यालयमा शिक्षक साथी र विद्यार्थी भाईहरूले सुत्ने प्रबन्ध राम्ररी गरिदिनु भएकाले हामीलाई कहाँ सुत्ने समस्याले फेला पारेन । एक छिन विद्यार्थीहरूले माद-लको तालमा गीतको रन्को र नाचको झल्को देखाए । संयुक्त सांस्कृतिक कार्यक्रम गर्ने सोचाइ थियो, तर समयको हली दाइले हलो फुकाली सकेकोले सम्भव भएन । अब हामी आरामसंग निद्रा देवीको न्यानो काखमा पुग्यौं । यसरी हाम्रो दोस्रो दिन पनि बित्यो ।

जेठ ३०गते बिहान 'बाम्भे' र बामीका साथी भाईहरूसंग बिदा हुनु भन्दा

पहिले यहाँ को मौटा ऐतिहासिक मन्दीर- (सरस्वतीको) ओ प्रकृतिको वास्तविक रूपमा नै थियो- देखेर हामीलाई वडो आश्चर्य लाग्यो । किनभने यस सानो मन्दिरमाथि गगनचुम्बी सिङ्गै मौटा ठूलो पीपलको रूख खडा थियो । यसको फेदको फेरो दुई तीन नाम्ला जोरेर पनि नपुग्ने जस्तो देखिन्थ्यो सिङ्गै यति ठुलो रूख सानो मन्दिरले थाम्नु कम आश्चर्यको कुरा हो त ! विद्यार्थीहरूले पनि यसलाई राम्ररी हेरे । अब हामी यहाँबाट अविस्मरणीय सम्झना लिएर बिदा भयौं ।

'बडियार' खोलाको किनारै किनार पूर्वतिर जानु थियो । विद्यार्थीहरू फुर्तिला र जोसिला देखिन्थे । विद्यार्थीको नक्कल गर्न बडियार खोला, पनि कम थिएन । सबैले यस खोलामा सामूहिक रूपमा फोटो लिएर नेपालको एक मात्र कफी खेती' हेर्न रहर र जाँगर बोकेर लाग्यौं 'आँपचौर' तिर जाने उकालो बाटो । 'आँपचौर' पुग्ने बेलामा मौटा ठूलो सालघारी वन देखा पर्‍यो । यस वनमा प्रवेश गर्दा हामीलाई ज्यादै आनन्द लाग्यो । अहिलेको नेपालमा विकासले गाउँका विकास- सन्धी सर्पन-समेत स्वाहा पारिरहेको बेला यस्तो घना जंगल र गाउँलेको यस वन प्रति सजगता देखेर हामी लाई हुन सम्म खुशी लाग्यो । सालघारीको तातो घामको रापले हामीलाई खलखलती पसीना कढाई रहेको थियो । वनको प्रशंसा गर्दै यो दफा सीधै आँपचौरको नि. मा. विद्यालयमा पुग्यो हामीहरू यहाँ केही बेर आराम लिएपछि खानपिनको चाँजो मिलाउन यहाँका शिक्षक साथीहरूसंग सहयोग माग्दै लाग्यौं- हामीले बोकेर आएको रहर को भोको पुर्‍याउन, 'कफी खेती' हेर्न ।

वि. सं. २००० सालमा 'हीरा गिरी' भन्ने व्यक्तिले 'वर्माबाट' ल्याएर लगाएको 'कफी' अहिले आँपचौरका बारी र खेत चारै तिर छयास-छयासती लगाइएको रहेछ । पन्ध्र मुरी धान बाली आउने खेतमा सालको २ लाख आम्दानी 'कफी' खेतीबाट गर्न सकिने त्यहाँका किसान दाजुहरूले हामीलाई अवगत गराउनु भयो । हामीले सोँच्यौं-सरकारले यतातिर राम्ररी ध्यान दिएमा यस खेतीले नेपालमा चाहिने कफीको माग अवश्य पनि पुरा गर्नेछ । तर अहिले सम्म सरकारी दृष्टि सारै कम पुगेको हामीलाई थाहा भयो । 'कफी खेती' हेरे पछि हामीलाई एक जना बूढी आमाले डमोरा (बाटा) भरी आरू ल्याई दिनु भयो । घामले आत्तिएका र भोकले निथ्रिएका भविष्यका ताराहरू 'आरू' खोसाखोस पो गर्न थाले । खानपिनका निम्ति भाँडा-दाउरा आदि व्यवस्था भएकै होला भनो तोकिएको ठाउँमा पुग्दा न दाउरा, न भाँडा र पानीको व्यवस्था । बरू छात्रहरूले कुटुरा (पोका)बाट काँचा चामल निकाली बुकाउन थालेका- 'भोकका थातु तीन माना सातु' भन्ने कथन साकार देखियो । अब हामीलाई दाउरा, भाँडा, दुना टपरी जुटाउन बडो कठीन पर्‍यो । हामीलाई सहयोग

गर्ने एउटी बूढी आमाको- उसलाई दयाकी मूर्त्ति भनेमा केही फरक परोइन-सहायताले भात पकाउने काम शुरू भयो । एक जना शिक्षक साथी धर्मलाल भूसाल र मैले भर्लाका लहरामा झुण्डिएर केही पात टिप्ने काम गर्‍यौं । वूढो आमाबाट टपरी तयार भए । त्यहाँका प्रवुद्धवर्गबाट कत्ति सहयोग भएन । छिटो-छरिटो रूपमा खानपिन गरी परात्मी पुग्ने अठोट गरेर बेलुकी ६°बजे 'आँपचौर'लाई बिदा गर्‍यौं ।

निस्कँदाको पूरा दुई घण्टाको उकालो आधा घन्टामा नै स्वाहा भयो । 'बडियार'को झोलुङ्गे पुल पार गर्दै दोभानमा आई पुग्यौं । निस्ती खोलामा झोलुङ्गे पुल बन्न लागेको रहेछ । हामी जङ्घार तरेर परात्मीको बाँदर लड्ने भिर बाटो बाट उकालो लाग्यौं । हामीलाई-अबेलाको खानाले गर्दा-प्यासले सताएको थियो ! एक जना 'कुमाल' दाईकहाँ पसेर दुई-तीन गाग्रा पानी कलकलती खायौं । रात अँधेरी थियो । आकाशमा तारागणले पनि बादलो-कालो घुम्टो ओडेकाले स्पष्टता कत्ति पनि थिएन । अँध्यारै अंध्यारो, मानो चूक घोप्टाए जस्तो । एक दुइवटा 'प्रकाश'को केही काम थिएन । गडयाङ्-गुडुङ् आवाजले पानी पर्लेपर्ने स्थिति थियो । तर विच-बिचमा बिजुली चम्किनाले गोरेटो बाटोको केही सङ्केत पनि मिल्थ्यो । 'कतै ठेस लागेर सीधै 'निस्ती खोलामा' स्वात्तै मिसिइने त होईन' भन्ने हामीलाई डर पनि थियो । रातको ठीक १० बजे हाम्रो डफ्फा आइपुग्यो परात्मी ।

''हैन, यस घरमा को हुनुहुन्छ ?'' हाम्रा शिक्षक साथी पीताम्बर भुसालले ढोका ढक्ढकाउँदै चिच्याउनु भयो । केही छिनमै भित्रबाट एक जनाको हातमा बलेको लालटीन देखा पर्‍यो । हामीले त्यहाँको विद्यालय र शिक्षक सम्बन्धी प्रश्न गर्दा त्यति चाख नदेखाएको यी व्यक्तिबाट बुझियो । प्र. अ. को घर जाने बाटो पनि राम्ररी बताइ दिएनन्, शायद डरले हो कि' भन्ने हामीलाई लाग्यो हाम्रा अर्का शिक्षक साथी दिलु प्रसाद श्रेष्ठलाई- 'तपाईं विद्यार्थीहरूसित बस्नुस्, हामी केही बेर पछि आउँछौं' भन्दै हामी तीनै जना शिक्षक हिँड्यौं 'मास्टर साहेबको' घर खोज्न । करीब एक घण्टा सम्म छाम-छाम छुम-छुम गर्दा पनि हाम्रो लक्ष्य पूरा नभएकोले निराश भएर फेरी त्यसै ठाउँमा फर्क्यौं । मास्टर साहेबको घर पत्ता लागेन । लालटीन सहितका व्यक्तिले हाम्रो सहयोग गरेन । थकाइले लखतरान परेका हामी नजिकैको जन विकास प्रा. वि. मा आएर फालियौं । शुक्रवारको दिन हुँदा स्कूलमा लिप-पोत राम्ररी गरिएको रहेछ । यस टोलीले यो रातलाई यहीं कटायो ।

बिहान भयो' चराचुरुङ्गीले आफ्नो आवाज बजाउन थाले, चाराको खोजमा पखेटा फटफटाउन थाले । (गृहस्थी) मान्छेहरूले गाउँघरमा घाँस-पात, गोबर-सोत्तर, दोही लाही गर्न थाले । हामीहरू पनि हिँड्ने तरखरमै थियौं । यस बेला हामीलाई

थाहा भयो कि हामीलाई असहयोग गर्ने व्यक्ति यसै गाउँका वरिष्ठ भलादमी पो रहेछन् । विद्यार्थीहरूले आपसमा कुरा गर्न थाले– "यस्ता व्यक्तिहरूबाट हाम्रा गाउँ घरको विकास कसरी हुन्छ । यो त 'जुन गोरुको पुच्छरै छैन त्यसैको नाम चमारे पो भयो ।"

यस बिहानको खाना हामीले भाषिको मगर गाउँमा आएर खायौं । यहाँ किसान मगर दाजुहरूबाट ठूलो सहयोग पाइयो । यहाँ पानीको व्यवस्था राम्रो रहेछ । हामीले नुहाउने लुगा धुने काम पनि गर्‍यौं । दिनको तीन बजे यस झपफाले आफू-लाई तम्घास पु-याउने निधो ग-यो र हिड्यो अनि । रेसुंगा पर्वतको फेरो पार गरेर तमघास ओर्लनु पर्ने बाटोमा यस विशाल जगलको मन मोहक, हरियाली दृश्यले हामीलाई हेरिरहुँ बनायो उत्तरतर्फ धौलागिरि हिम श्रृङ्खलाले आफ्नो स्थिरता र स्वच्छताको शान जमाएकै थियो । रेसुङ्गालाई यस भेगको ऐतिहासिक एवं सांस्कृतिक केन्द्रका रूपमा लिन सकिन्छ । शशिधर स्वामी र बाल तपसी लक्ष्मी नारायणको तपोभूमि र ज्ञानभूमि रेसुङ्गा-कति सुन्दर, कति शान्त, कति आनन्दमय !!!

यस ठाउँलाई पर्यटक केन्द्रको रूपमा राख्न सकेमा यस क्षेत्रको बिकास छिटै हुने र प्रशस्त विदेशी मुद्रा आर्जन गर्न सकिने कुरामा सबैले एक मत भएर भन्यौं । तर यस जिल्लाको सदर मुकाम तमघास सम्म' मोटर ल्याउन 'छेपाराको आह्वान' जस्तै भएको र गरीब जनताका कैयौं वर्ष देखिका पसिना सित्तै खेर गएको देखेर संझेर हामीलाई यो एउटा सपना जस्तै लाग्यो । हामी तेर्छो बाटामा साम लागेर बस्तीको भान पार्दै यस पर्वतलाई बायाँ पट्टि छाडेर ओर्ल्यौं तमघास । यस बेला बेलुकीको ६ बजी सकेको थियो । हामीले यो रात यहाँको प्रसिद्ध होटल-'हिमालय लज एण्ड होटलमा' कटाउने निधो गर्‍यौं । रातीको खाना चिउरा-तरकारीको भयो । विद्यार्थीहरूलाई होटलको चाल-चलन पनि थाहा भयो । यसरी हाम्रो चौथो रात पनि बित्यो ।

हाम्रो दलकाका उक्त दिनहरू एउटै बाटो हिंडेर, एकै ठाउँ सुतेर, एउटै भाँडा-मा पकाएको खाएर आनन्दसाथ बिते । सामूहिक भ्रमण गर्ने यस्तो मौका विद्यार्थी-हरूका निम्ति र हाम्रा निम्ति पनि नौलो थियो । यस किसिमको भ्रमणले विद्यार्थीह-रूलाई प्रत्यक्ष रूपमा नदी, वन ऐतिहासिक एवं सांस्कृतिक थलाहरूको अवलोकन हुनुको साथै विभिन्न ठाउँको रहन-सहन, चाल-चलन समेत अनुभव हुने हुँदा विद्याल-यले वर्षको एक पटक यस किसिमको आयोजना गर्नु पर्ने अनिवार्यता हामीले देख्यौं पनि ।

भ्रमणको अन्तिम दिनमा हामीलाई निकै थाकेको महसूस भईरहेको थियो ।

किन कि पाँच दिनको भ्रमणमा काँचो खानु, लामो बाटो हिंड्नु, माटोमा सुत्नु, ठीक समयमा खान नपाउनु आदि प्रमुख कारण भएता पनि समूहमा हिंड्दा, बस्दा खाँदा, सुत्दा र कुनै काम गर्दा को कस्तो छ ? कुन सहयोगी छ ? कसले बढी खान्छ ? कुन बढी अनुशासित छ ? कसको आचरण कस्तो छ ? आदि बानी-बेहोराका कुराहरू यस्तै अवसरमा मूर्तरूपमा देखा पर्ने अनुभव पनि हामीले बोक्यौं ।

यस बिहान हामीले तमघासबाट हिंडेर बरल्डाँडा मुनि आएर सरभाम जुटाई भात-सात खाने काम गर्‍यौं । यस पछि मादल ठोक्दै, कसैले ताली बजाउँदै, भ्याउरे गीत र लोक गीतले पाखा-पखेरा घन्काउँदै–

बेलुकी करीब ५ बजे तिर आइ पुग्यौं यसै ,सूर्य'को 'सूर्यधुम' डाँडामा । हाम्रो भेटको प्रतीक्षामा विद्यालय कक्षा थियो, शिक्षक साथीहरू पर्खिरहनुभएको थियो र केही विद्यार्थीहरू हामीलाई लिन चौराली पुगेका थिए । यस्तै थियो-हाम्रो यात्रा विद्यार्थी सहितको शैक्षिक भ्रमण ।

हाम्रो स्कूल

राम प्रसाद मराशिनी
कक्षा–९

हाम्रो स्कूल सूर्यधुम डाँडैमा छुट्टी हुन्छ चार बजे बेलैमा
हाम्रो स्कूल वरिपरि फूलबारी झल्केको
पारीबाट हेर्दाखेरि स्कूल नै टल्केको ।
हाम्रो स्कूल.............................चार बजे बेलैमा
दाजु भाई दिदी बहिनी यस स्कुलमा पढौं
हामी सबै मिलिजुली देशको विकास गरौं
हाम्रो स्कूल.............................चार बजे बेलैमा
दुई हजार पैंतीस सालमा हाम्रो स्कूल बन्यो
जनता सबै मिलिकन ठूलो डाँडो खन्यो
हाम्रो स्कूल.............................चार बजे बेलैमा

शिक्षा

टोकाराम बञ्जाडे

कक्षा–८

पढौं पढौं हे मेरा साथी भाई
नेपाललाई उज्वल पार्न लाई

हामी सबै शिक्षित भए देशको विकास हुन्छ
गाउँ-घरको स्थिति देखि न्याउली ज्यादै रुन्छ

देशको विकास भए पछि गाउँ सभ्य हुन्छ
हामी सबै एकजूटभए देश अघि बढ्छ

गाउँहरु अशिक्षित छन् आज चारै तिर
अरु देश धनी भए यातायात चल्दा

एकजुट सबै भई मिलेर बसौंन
जाली फटाहा हटाई अगाडि बढौंन

हामी सबै अघि बढे देश अघि बढ्छ
देश अघि बढ्योभने गाउँको दुःख हट्छ

शिक्षित हामी

परशुराम भट्टराई

कक्षा–६

हामी सबै सिक्षित बनी देश विकास गरौं
शिक्षित भै देशमा हामीले उन्नती ढोका खोलौं
ज्ञान-विज्ञानको उन्नतीमा सधैं अघि बढौं
भाषा साहित्य विज्ञानमा ज्ञानको ज्योति छरौं

शिक्षा जस्तो ठूलो चिज अरू केही छैन
शिक्षित बनी विकास गर्न पछि पर्ने हैन
निरक्षरलाई शिक्षा दिई सबै शिक्षित बनौं
मिलिजुलि अनि हामीले देश विकाश गर्न सिकौं

शिक्षा लिई अब हामी सबै बालक
अघि बढौं तब हौंला देशकाचालक
बूढा पाका केटा केटी सबै शिक्षा लिन
हामी सबै अघि बढौं कर्तव्य पथमा लम्किन

शिक्षाले नै संसारमा कत्रा चिज बने
कोही ईन्जिनियर बने, कोही साहित्यकार
यस्तो शिक्षा नलिकन अब बस्ने कसरी
हिंड भाई हो,उठ अब सबै कम्मर कसि

तीन टुक्रा

राम प्रसाद भुसाल

अबत मैले पनि समाजको सेवा गर्न लागेको छु
आफ्नै समस्या भन्काउन न सकेर
अबत म पनि अर्कालाई व्याख्यान दिन लागेको छु
अर्काले दिएको व्याख्यान गारो भएर
त्यसैले ए ! समाजसेवीहरुहो म पनि समाज सेवी बन्दैछु

(१)

अबत मैलेपनि संसारलाई त्यागको पाठ पढाउन लागेकोछु
आफ्नै बन्धनबाट फुस्कन नसकेर
अबत मैले पनि शहरमा सुस्केरा हाल्न सिकेकोछु
रातको अँगालो संग जोडिन सकेर
त्यसैले ए ! तरुनीहरुहो ! म पनि तन्नेरी हुदैछु

(२)

अबत म पनि कविता लेख्न लागेकोछु
पाठक बन्न गाह्रो भएर
अबत म पनि सेतो कागजमा आदर्शवादका घोडा दौडाउदैछु
यथार्थवादी बन्न गारो भएर
त्यसैले ए कविहरुहो ! म पनि कवि बन्दैछु ।

(३)

परिश्रमको फल

हरिकुमार श्रेष्ठ
कक्षा-६

कुनै एक गाउँमा एउटी बुढी बस्ने गर्थिन् । उनो अति दुःखी थिईन् तर त्यसैमा पनि उनको पतिदेवलाई दैवले चुँडेर लगिदियो । अब उनका एक छोरा र एक छोरी मात्र थिए । यी दुवै जुम्ल्याहा जस्ता थिए । यी दुवै दिनभर आफ्ना घरमा खेल्ने गर्दथे यस्तैमा उनीहरु कहिले काहिं धूलेबाजी पनि खेल्ने गर्थे । आमाचाहिं अरुको घरमा दिनभरी काम गरेर साँझ घर फर्कने गर्दथिन् । साँझ पर्दा यी बालकहरु आमा गएतिर हेर्ने गर्थे ।

एवम् रीतले दिन प्रतिदिन बढ्दै जानथ्यो । सानु परिवार पनि आफ्नो हात मुख जोर्ने समस्या समाधान गर्न सक्ने भयो । यस पछि बूढीकी छोरीको विवाह भयो । छोरी घर गई । अब घरमा आमा छोरा मात्र भए । आमाको ईच्छा छोरो कहिले ठूलो र ज्ञानी भई आफूलाई मुख देला भन्ने थियो ।

एक दिन यस सानो बालकले झोला बोकेर धेरै बाल बालिकहरु बाटोमा हिँडिरहेको देख्यो अनि आमासँग भन्यो- 'आमा, यी कहाँ जान लागेकाहो के हामी यस्तै जान हुँदैन र ?' यी प्रस्नको उत्तरमा आमाले भनिन्- "बाबु, पढ्न जान लागेका हुन्, हामी पनि जान हुन्छ तर हामी गरीब ....। यसै अवसरमा ऊ अर्के सोंचाइमा मग्न हुन्छ । अचानक उसले विहारको सिलसिलामा दिदी कहाँ जाने विचार गर्‍यो । आमाको राय लिई ऊ दिदी कहाँ पुग्यो । आफ्नो प्यारो भाईलाई देखी उनी ज्यादै खुशी भइन् ।

केही दिन पछि दिदीको साथ ऊ पनि घर फर्क्यो । फर्कदा बाटामा पहिले जस्तै झोला बोकेका बाल-बालिकाहरूलाई देखी उसले दिदी संग प्रस्न गर्‍यो । दिदीको जवाफ पनि आमाको जस्तै थियो ।

घर पुग्दा छोरा-छोरी दुबैलाई देखी आमा अति खुशी हुन्छिन् । यस बालकलाई पढ्ने रहर तीव्र हुँदै जान्छ । यस प्रति धेरै ढिपी गरेको देखी आमाले पनि भोलिदेखि विद्यालय पढ्न जाउला भनी पुस्तक, कापी, कलम र झोला किनि दिईन् । भोलि पल्ट छोरालाई लिएर विद्यालय गई भर्ना गरि दिईन् । बालक पनि उत्साह र उमङ्गका साथ पढ्न थाल्छ । परीक्षामा पहिला हुँदै जान्छ । अनावश्यक गफ र काममा ऊ कत्ति पनि समय खेर फाल्दैन । विद्यालयको नियमलाई पालन गर्दै अनुशासित विद्यार्थी जीवन व्यतीत गर्दछ । उसका सम्पूर्ण क्रियाकलाप देखेर शिक्षक एवं अभि-

भावकहरू पनि प्रफुल्लित हुन्छन् । समय-समयमा पुरस्कार ल्याएको देखेर आमा ज्यादै खुसी हुन्छिन् । उनी भन्छिन्- "परिश्रमको फल ज्यादै मीठो हुन्छ" । यस पछि विद्यालयबाट दिईने छात्रवृत्ति पनि उसैलाई प्रदान गरिन्छ । उसको भविष्य समुज्ज्वल भएर जान्छ । आमाका आँखाबाट हर्षका आँसु बग्न थाल्छन्"...।

हामी बालक

रेवतीरमण आचार्य

कक्षा–८

आज हामी साना छौं भोलि के के हुने
भविष्यमा हामीहरुले सूर्य चन्द्र छुने ।

पहिले म सानो थिएँ आज ठूलो भएँ
भविष्यलाई उज्वल पार्न मैले बाटो लिएँ

भविष्यको आधार गरौं अघि पनि बढौं
भविष्यलाई उज्ज्वल पारी विकास पनि गरौं

बालक पनमा बालकहरुले गर्छन् धेरै हाँसो
मलाई पनि अझै लाग्छ बालकपनको काँसो

सानो सानो बालकको कस्तो बुद्धि आउँछ
भविष्यलाई उसले हेरी आजै देखि आउँछ

धारोबाट पानी आउँछ लहर परेर
देशलाई हेर अघि बढाउँ उन्नती गरेर

टुहुराको भाग्य

खगेन्द्र बहादुर जी० सी

कक्षा–१०

नेपालको पूर्वी भागमा एउटा अति दुःखी किसान परिवार बस्दथ्यो । उसकी मोटी स्वास्नी र चार वर्षको छोरा थियो । छोराको नाम बसन्त थियो । बसन्त पाँच वर्षको हुँदा उसका बाबुको मृत्यु भयो । आमा-छोराले यति दुःख पाए भन्ने साध्य भएन ।

एक दिन बसन्तकी आमा खाने कुराको केही उपाय नलागी ५ वर्षको बसन्त लाई बोकी माइत हिँडिन् । बाटोमा एउटा ठूलो जंगल थियो । त्यस जंगलमा लपक्क पाकेका काफलका बूटाहरू प्रशस्त देखिए । दुई-तीन दिन देखि खान नपाएको बसन्तले काफल खाने मनसाय व्यक्त गर्‍यो । छोराको इच्छा बुझी आमा त्यहीं रूख चढिन् । दुर्भाग्यवश पाकेका काफल टिप्दा टिप्दै रूखको हाँगो भाँच्चिई उनी भूईंमा लडिन् । बसन्त उठेर आमा लडेको ठाउँमा पुग्यो । आमाले छोरालाई हेरी आँसुका धारा बगाउँदै केही बेरपछि परलोक भइन् । निरीह बसन्तलाई आमा परलोक भएको केही थाहा भएन । उ चिच्याउँदै शव (मूर्दाको) काखमा गई सुत्यो । राती जंगली जनावर लाई खान लाग्दा बालक बसन्त ब्यूँ भयो । त्यसरी आफ्नी आमालाई लुछी-लुछी खान लाएको देखी आमालाई मार्न लागे भन्ने ठानेर ऊ रून-चिच्याउन लाग्यो । रूँदा रूँदै निद्रादेवीको शरणमा पुग्यो । धेरै बेरपछि ऊ ब्यूँ भयो । यस बेला ऊ भोक र प्यासले बिहोस भएको थियो ।

त्यही बाटो गरी आईरहेको एक जना दयालु मानिसले बालकको यस्तो दुर्दशा देखी जीवित बालकलाई आफ्नो घर लगेर पालन-पोषण गर्ने विचार गरे । बसन्तले सात वर्ष सम्मको उमेर ठूलो दुःख र कष्टले बितायो । बसन्तले एक दिन झगडा गर्दै थियो । सबैको मन समान नहुने हुँदा घर-बूढीले त्यस बालकलाई हपार्दै भनी- "तेरो सम्पती, बाबु-आमा जहाँ छन् त्यहीं जा यहाँ मसँग किन च्याठिन्छस् ।" यसो भन्दै लोग्ने नभएको बेला पारी घरबाट निकालि दिई । उसले आफ्नो घर आमा-बाबु सबैलाई बिर्सिसकेको थियो । ऊ आफ्ना आमा-बाबु र घरको खोजीमा रूँदै रूँदै हिड्दै थियो । एक जना गरीब किसानले उसलाई सोध्यो । तर उसले उत्तर दिन नसकी बर बरती आँशु खसाली शिर झुकायो । किसानले उसलाई आफ्नो घर लग्यो । किसानका कुनै छोरा थिएनन् । उसको केवल एउटी ६ वर्षकी छोरी थिई । बसन्त-लाई त्यस किसानले आफ्नै पुत्र बराबर सम्झी व्यवहार गरी पाल्यो । अब बसन्त पन्ध्र वर्षको भैसकेको थियो । बसन्तले पढ्ने-लेख्ने मौका पनि पायो । किसानले योग्य बसन्तलाई आफ्नी छोरी विवाह गरि दियो । अब यिनीहरू परिश्रमी एवं लगनशील बनी सुखमय जीवन बिताउन थाले ।

गरीबकौ पुकार

शोभाखर खनाल

कक्षा-८

कठै बरी गरीबको जुनी, दिनभरि नखनी नहुने
कोदाली त्यो खन्दा खेरी हात भरि फोरा,
घर गई बस्दा खेरी रुन्छन् आफ्नै छोरा।
धनीका त छोरा भए क्याम्पसमा पढ्ने,
गरीबका छोरा भए ज्यालादारी गर्ने

कठैबरी गरीबको जुनी, दिनभरि नजोती नहुने
यो देशमा आउला कि गरीबको बेला,
रुँदाखेरी मुटुले नै छाड्छ आफ्नै गोला
गरीबको छोरो मत दिनभरि जोत्छु,
रीन लाग्यो भने हजुर सुत्ने ओछ्यान छोड्छु

कठैबरी गरीबको जुनी, बिताउ परे सुत्ने ओछ्यान दिने
धनिकको काखमा भए, पढ्न लेख्न पाउ छन्
गरीबको काखमा भए टाट उल्टाई दिन्छन्
ए आमा जन्म भूमि, मेरो यहीछ पुकार,
गरीबको आकाङ्क्षालाई पुरयाइद्यौ साकार

सबै जुटौं

टंक प्रसाद पाण्डेय

कक्षा-९

सबै जुटौं सबै जुटौं सबै जुटौंन
जाली र फटाहाको बीउ भुटौंन।

हिमालका चाँदनीको माया लाग्दैन र!
तिम्रो हाम्रो अगेनीमा मीठो पाक्दैन र?

सबै उठौं सबै उठौं भत्किई सक्यो घर
जाली र फटाहाको कति मान्ने डर।

सबै जुटौं सबै जुटौं सबै जुटौंन,
जाली र फटाहाको बीउ भुटौंन।

जनतालाई चुसी खाने जूका मारि दिऊँ
शोषक र सामन्तको बदला हामी लिऊँ।

जाग जाग नेपालका किसान,
राख्न लाई नेपालको निसान।

सबै जुटौं सबै जुटौं सबै जुटौंन,
जाली र फटाहाको बीउ भुटौंन।

हे दिदी बहिनी हो

कमला बंजाडे
कक्षा-८

हे दिदी बहिनी हो, के हेरी रहेछौ अझै पनि
युगौं युगको एक पच्च अधिनमा लम्टिएर पनि
हेरौं संसारका दिदीहरू कति अघि बढिसके
पुराना खोल र काँचुली रूपी पदार्थलाई पन्छाएर

अझै हामी किन आफ्नो अधिकार पाउन सकेनौं ?
यो हाम्रो एकताको अभावको प्रतिक हो
दुर्गावती मार्गरेट थ्याचर पनि हुन हामी जस्तै नारी
जसले रुढीबादी समाजका पदार्थलाई पन्छाउँदै

विश्वलाई आफ्नै पछाडि पच्छयाउने शक्तिमा डोराउँदै
नयाँ नारी समाजको पुनर गठन गर्न लागे
यसैले हे नेपाली नारी हो ! हामी पनि हाम्रा
पैतलाहरु बढाउँ अब

उनै वीराङ्गनाहरुलाई पछ्याउँदै अघि अघि
बढौं अब

गरीबको उद्धार

धर्मराज पाण्डे
कक्षा-९

जाऔं अब स्कूल पढ्न,
गरीबको उद्धार गरन ।
थिचिएका मिचिएका गरीबहरू जागौं
समानता ल्याउनलाई कम्मर कसी लागौं
हुन्न हामी मुढुक बसेर, भविश्यलाई बनाऔं
कम्मरै कसेर ।

शोषकले गर्दा खेरी गरीब थिचिएका
कोही भने मरिसके कोही पिल्सिएका
म यो भन्छु साथीहरू, यो बधाई लेऊ
गाउँले समाज-उन्नति गर्न ठूलो देन देऊ
जागौं अब कम्मरै कसेर शोषक हटाऔं
शिक्षित भएर ।

कोही भने पढेरनै चन्द्रलोकमा गए
गरीब हामी जान सक्छौं राम्रो संग पढे
काम पुरा गरी छाडौं लक्ष राखे पछि
समय त फर्की आउन्न थाहा पाउँला पछि
छाडौं अब अल्छीपनालाई अघि बढौं दियालो
जलाई ।

एकता र बुद्धिलाई हामी ठूलो मानौं

गरीबको उद्धार गर्ने कर्तव्य नै ठानौं
गरीबको समाजमा सधैं अन्धकार
अन्धकार हटाएर लागौं हार्मा पार ।

**

उठौं अब दियालो जलाई, गरीबको हुनेछ भलाई ।

**

'तँ तँ-म म' भन्ने नीति नहराएसम्म
नदेऊ आमा गरीबलाई नेपालमा जन्म
छाडौं अब यो पक्षपातलाई
अघि बढौं छाती नै फर्काई

**

शिक्षा र विभिन्न मत

माधवप्रसाद पन्थी

शिक्षामा आदर्शवाद, प्रकृतिवाद, व्यवहारवाद प्रयोगवादले आफ्नो क्षेत्रबाट महत्व पुर्ण भूमिका खेलेका छन् । विभिन्न दर्शनहरूले सुयोग्य जीवनका लक्ष्य प्राप्ति एवं आवश्यकीय वस्तुहरूको विवेचना गर्छन् भने शिक्षाले ती उपलब्धि प्राप्त गर्ने साधन र जीवनका लागि परमावश्यकिय वस्तुहरूको बोध गराउँछ। शिक्षा दर्शनको गतिशील पक्षहो।Education is the dynamic side of Philosophy James. Ross.

शिक्षाको अनुपम उद्देश्य यो हो कि विद्यार्थीले भावी सामाजिक परिवेशमा पूर्णताको जीवन यापन गर्न समर्थ होस् । बालकलाई भविष्यको सक्षम नागरिक बनाउनु पर्दछ । बालक अवस्थाको स्वयमा निहित मौलिक गुण-प्रकृयाहरू परिमार्जित एवं परिवर्द्धित भएर जावस जसद्वारा बालकले जीवन पथमा कटुताको अनुभव नगरोस् । जीवनका गोरेटाहरूमा आई परेका समस्याहरू संग जुझ्न सकोस् । यस्ता ठोस प्रकृयाहरू प्रकृतिवादी शिक्षाक्रममा भिञ्याईएको हुन्छ ।

प्रकृतिवादी शिक्षाले बालकको स्थान सर्वोपरि राखेको छ, शिक्षकलाई गौण मानेको छ । अर्को पट्टि आदर्शवादीहरू भन्छन्- "शिक्षक आदर्शको प्रतिविम्ब हो

शिक्षकलाई विद्यार्थीले आदर्शको पुञ्जको रूपमा हेर्नु पर्छ यस आदर्शवाद अन्तर्गत शिक्षकको स्थान सर्वोपरि छ । बालक केही पनि जान्दैन । उसलाई आदर्शवादी सर्वगुण सम्पन्न शिक्षकले पूर्व निधारण गरिएका आदर्श प्राप्तिको लागि शिक्षा प्रदान गर्नु पर्छ" । पूर्व निर्धारण गरिएका आदर्शहरू बदलिदो परिस्थितिका भविष्यका निम्ति अनिश्चित एवम बालकका निम्ति बोझहुन जान्छन् । तसर्थ बालक यस्तो शैक्षिक वातावरण बाट भाग्न ईच्छा राख्दछ । यस प्रकार निरूद्देश्य एवं अन्धकार पूर्ण शिक्षाको प्राप्तिले वर्तमान सामाजिक आवश्यकता परिपूर्ति हुन सक्दैन । शिक्षा शिक्षाकोलागि नभएर जीवनकोलागि हुनु पर्छ । i,e, Education is for livelihood:

आदर्शवादले विद्यार्थीमा आत्म नियन्त्रणको जोड दिन्छ साथै नैतिकतामा बल दिन्छ । उपर्युक्त चरित्र मानिस मात्रका कुनै पनि वादमा नभै नहुने वास्तविकता हो । सिक्ने काम विद्यार्थीको हो । यस आदर्शवादमा विद्यार्थीको रूचि, क्षमता, दक्षता, अभिरूचि, अभिप्रेरणा आदिको ख्याल नगर्नु यसको ठूलो कम्जोरी हो । तर प्रकृति वादले बालकको मौलिकताको ख्याल गरी बालकेन्द्रित शिक्षाको पुष्टयाई गर्छ । जसद्वारा बालकमा निहित स्वभाविक प्रवृतिहरू स्वतः स्फूर्त रूपमा विकसित हुँदै जान्छन् । आजको सामाजिक प्रकृयामा क्रमशः परिवर्तन र परिवर्द्धन भै नै रहन्छ । यस परिवेशमा पूर्व-निर्धारित मूल्यहरूको प्राप्तिबाट नै बालकले यस जटिल समाजमा सामाजिक जीवन परिवर्तनशील जगतमा स्वस्थता साथ बिताउन सक्दैन । तसर्थ प्रकृतिवादीले बालकलाई बदलिदो परिस्थितिमा उत्तेजित जीवन यापन गर्न सक्ने किसिमको नागरिक बनाउन खोज्नु ठूलो महत्तो ठहर्छ ।

आदर्शवादले मनिसको सोच्ने प्रकृया लाई पछाडी धकेट्दछ । पुराना महावाणी श्लोक मात्र रटाउँछ अर्थात यसले युगीन बोध गराउँदैन साथै युगीन आकांक्षा पुर्ण गर्न तर्फ प्रोत्साहित गर्दैन । यसले generatism confuct गराउँछ । आदर्शवादी शिक्षाले पुरानो समय संग सम्बन्ध गासिर वर्तमान समाजमा हिड्न भन्छ यस कथनले व्यावहारिकतामा मेल खाँदैन । तसर्थ अबको समयमा आदर्शवादी शिक्षा मात्र युक्ति संगत हुँदैन । आदर्शवादमा Mind लाई महत्वपुर्ण स्थान दिईएको छ तर 'Mind is learned behaviour हो तसर्थ यसले परिवर्तन शील संसारमा अमेल स्थिति सिर्जना गर्नबाट बचाउँछ । यस्ता किसिमका विचारलाई आदर्शवादी शिक्षामा प्रविष्ट गराउनु पर्छ । पुराना विचारहरू समय सापेक्ष हुँदैनन् । समय सापेक्षतावाट अस्वीकृत तथ्यहरू व्यावहारिक जीवनका लागि फलप्रद हुँदैनन् ।

शिक्षाको लक्ष्य मानिसमा मानवताको Man hood विकास गर्नु हो । यस उद्देश्य प्राप्तिका निम्ति शिक्षाक्रममा त्यस्तै विषयहरू समावेश गरिनु पर्दछ । जसले

मानिसलाई चौतर्फी विकास होस । मानिस संस्कृतिको संसारमा बस्छ । सांस्कृतिक परम्परालाई बदलिंदो परिस्थिति संग सामान्जस्य स्थापित गराई त्यसको उचित संरक्षण एवं सम्वर्धन शिक्षाले गर्नु पर्छ । आदर्शवादीहरू अनुसार शिक्षाक्रममा मानव इतिहास सांस्कृतिक तथा आत्मिक वंशानुक्रम समावेश हुनु पर्छ । भित्रीहरू विश्वस्त छन् कि भौतिक जगतको स्रष्टा दिमाग हो । तसर्थ यिनीहरू मानविकी शिक्षालाई भौतिक विज्ञान भन्दा बढी जोड दिन्छन् । संस्कृति, कला, नैतिकता, इतिहास, दर्शनशास्त्र साहित्य एवं धर्म दिमागको उपज हो । यिनीहरू मानव - अनुभूतिका प्रतिफलहरू हुन् । तसर्थ यिनको अध्ययनले हामीले वस्तुको वास्तविक तथ्यलाई बुझ्न समर्थ हुन्छौं । विज्ञानले प्राकृतिक वातावरणको वर्णन गर्दछ । तसर्थ मानवतावादी विज्ञानको अध्ययन अध्यापन गर्नु पर्दछ स्वस्थ शरीरमा स्वस्थ शिक्षाको निम्ति शारीरिक शिक्षा phisical Education पनि परम आवश्यक छ । स्वास्थ्य-शारीरिक शिक्षा, शारीरिक सीप सम्बन्धी सौन्दर्यानुभूतिकरण विषय आदि विद्यालयीय शिक्षा क्रममा समावेश गर्नु नितान्त आवश्यक छ मानवतावादी विषय अन्तरगतका विभिन्न विषयले हाम्रा बौद्धिक एवम सौन्दर्य सम्बन्धी तथा नैतिक आवश्यकताको परिपूर्ति गर्छन । तथ्यतः आदर्शवादी शिक्षा अन्तरगत शास्वत मूल्य बोध जस्ता विसय वस्तुको अध्ययन अध्यापन गर्नु हमेसा यसको परमोदेश्य ठहर्छ ।

प्रकृतिवादीले शिक्षाको उद्देश्य निम्नानुसार प्रतिपादन गरेका छन् । शिक्षाले व्यक्तिको पूर्ण विकास प्राकृतिक तवर बाट गराउनु पर्छ । मानव प्रकृति असल हुन्छ तथा यसलाई स्वतन्त्र रूपबाट हुर्किने मौका दिनु पर्छ । बालकमा जन्मजात आन्तरिक instincts tendencies, capacities हरू हुन्छन् । यिनीहरूको विकास महस्तक्षेप पूर्ण ढाँचाबाट गरिनु पर्छ । बालकमा निहित मौलिक प्रकृति असल र पवित्र हुन्छ । बालक असमर्थ हुन्छ, तसर्थ यी गुणहरूको विकासमा शिक्षाको संरक्षण परमावश्यक छ । शिक्षाको सक्रियता बालकका यी पवित्र तथा असल गुणहरूमा संसारको विकृतिका प्रभाव नपरोस भन्ने अर्थमा प्रष्टिन्छ । स्वस्थता एवं उन्मुक्त वातावरणका विद्यार्थीलाई परिपक्वता एवं विकसित हुने मौका दिनु पर्दछ । व्यक्तित्वको विकास गर्नु नै शिक्षाको महत्वपूर्ण योगदान हो । आफ्नो भाग्यको निर्माता व्यक्ति नै हो । अतः बालकमा उपयुक्त कलाको निर्माण हुनु पर्दछ । शिक्षाले व्यक्तित्वको स्वस्थ विकास गर्नुको तात्पर्य शरीर, दिमाग, एवं आत्माको समायोजन गर्नु हो । यस बाट 'body-mind' मै कार्य सम्पादन क्षेत्रमा संलग्न रहन सकछ । चौतर्फी विकासले मानिसलाई पूर्ण रूपले समाजमा अभियोजित मानिस बनाउँछ विद्यालयले यस प्रकारका गुणहरूको विकास गर्न पूर्ण रूपले सहयोग पुऱ्याउनु पर्दछ । शारिरीक

स्वस्थताको विकास महत्वपूर्ण एवं पेर्णताको जीवन यापनका लागि आवश्यक छ । स्वच्छ दिमागको निम्ति स्वस्थ शरीर नितान्त आवश्यक छ । विकसित दिमागले बौद्धिक स्वतन्त्रताको उपभोग गर्दछ । जीवनका उद्देश्य प्राप्तिकालागि स्वस्थ अनुभव बटुल्न पर्दछ । परिवर्तनशील संसारमा प्रत्येक वस्तु नै परिवर्तनशील छन्, आदर्शवादीले प्रतिपादन गरेर्कै कुनै पनि शास्वत मूल्यहरू छैनन् । तसर्थ परिवर्तित समाजमा जसले समायोजन गर्न सक्छ त्यो बाँच्छ अन्यथा नष्ट हुन्छ । यथा-"Those who adjust to the changing conditions Survive, others fallout बालकमा धेरै सम्वेग हुन्छन् । यस्ता मनोद्वेगहरू सकारात्मक एवं नकरात्मक हुन्छन नकरात्मक मनोद्वेगहरूलाई माया, ममता, सहानुभूतिले हटाई बालकमा सकारात्मक भावनाहरू पल्लवित गराई दिनु पर्दछ । तब मात्र बालक स्वच्छन्द वातावरणमा मौल्याउन सक्छ । समाजले व्यक्त गरेका मान्यतामा हुर्केका बालक जीवनमा बाँका चोर, बदमाश भएको पाईन्छ । तसर्थ बालकमा आत्मविश्वास अर्थात स्वतन्त्रताको अभिवृद्धि गराई दिनु नितान्त आवश्यक छ ।

शिक्षाले असल मानिस मात्र होईन एउटा असल सामाजिक मानिस बनाउनु पर्छ । मौलिक अभिवृत्तिहरूको विकास गरि सके पछि, बालकले आफ्ना क्रियाकलापहरू समाजमा प्रदर्शित गर्न पर्छ । समाजको विकासमा योगदान पुऱ्याउनु पर्दछ । सामाजिक रिक्ततामा मानिसले विकास गर्न सक्तैन । मानिस र समाजको क्रिया प्रतिक्रियाबाट समाजको गति प्राप्त गर्दछ । व्यक्तिले प्रगतिशील समाजमा विकास गर्न सकछ तथा समाजले विकसित अथवा प्रबुद्ध व्यक्तित्वहरूबाट विकास गर्न सक्छ । शिक्षाबाट मानिस प्रथमतः मानिस नै हुनु पर्छ न कि वकिल, सैनिक अथवा अरू यस्तै । विद्यार्थीलाई प्रथमतः मानव बनाउन शिक्षा दिनु पर्दछ, त्यसपछि मात्र नागरिकताको । जुन बालकले Manhood प्राप्त गरेको छ उ अवश्य पनि जीवनका कुनै पनि क्षेत्रमा सफल हुन्छ । प्राकृतिक मानिसहरू ती हुन् जसमा प्राकृतिक गुणहरू छन् र कुनै पनि संस्थाको कृतिमताको छाप तिनमा परेको छैन । बालकका स्वभाविक गुणहरू यसरी विकसित भएका छन्कि बालक समाजको बदलिंदा परिवेशमा आफुलाई अभियोजित गर्न सकछ । यस्ता गुणहरूको विकास शिक्षा द्वारा शिक्षकको संरक्षणमा (Guidance) प्राप्त हुन सकछ । शिक्षकले विद्यार्थीलाई उसको जन्मजात गुणहरूको अभिवृद्धि गर्न सहयोग पुऱ्याउनु पर्दछ ।

शिक्षा, विकासको प्रक्रया हो, यसलाई मनोरञ्जनात्तमक ढाँचाले, सन्तुलित ढंगबाट प्राप्त गर्न सकिन्छ । प्रकृतिवाद अन्सार बनावटी, निरूत्साहपूर्ण, असम्वेदनशील शिक्षा तिरस्कृत हुन्छ । किनकि यिनले प्राकृतिक झुकावलाई पदालित

गर्दछन् । वस्तुपरक शिक्षणमा विशेष जोड दिन पर्दछ, चेतनाले सदै निर्देशन दिन आवश्यक छ । पुस्तकको कुनै आवश्कता छैन । पृथ्वी अनि वास्तविकता बादको कुनै पाठ्य पुस्तक छैन । प्रकृतिवादीहरू चाहन्छन् कि भूगोलको शिक्षण जंगलमा गरिन पर्दछ । सूर्यको अवलोकन, पृथ्वीको निरीक्षण तुदारूकताका साथ हुन्छ । खोलाहरूको अध्ययन, वर्षा एवं तापको अध्ययन । आकाशीय पिण्डहरूको अध्ययन बाट ज्योतिषको ज्ञान बिरुवाको अवलोकन अध्ययनबाट Botany को ज्ञान । प्रयोगहरूबाट Physics र chemistry को स्वस्थ ज्ञान प्राप्त गर्न सकिन्छ । गणितको ज्ञान विद्यार्थीले आर्थिक प्रकृयाहरूको अध्ययनको साथ प्राप्त गर्न सक्छ । एउटा इतिहास विषय मात्र यस्तो छ' जसको ज्ञान अध्ययनबाट प्राप्त गर्न सकिन्छ । यी सम्पूर्ण विषयले पठन-पाठनको आरम्भ घरबाट नै हुनु पर्छ । बुझ्न सकिने विषय मात्रलाई बालकले सिक्ने चेष्टा गर्नु पर्दछ । जुन विषयको ज्ञान पूर्ण रूपले छ, त्यही विषय मात्र सिकाइनु पर्दछ । मौखिक तवरबाट बालकलाई अध्यापन गरिनु हुदैन । उनलाई अनुभव सिद्ध ज्ञान विकसित गर्न मौका दिनु पर्दछ । बालकको अफ्नो तर्किक क्षमताको विकास आफ्नो प्रयोगबाट गर्नु पर्छ । यसमा प्रबुद्ध मानिसको तार्किक क्षमता लादिएर होईन । स्मरण शक्ति एवं तार्किक क्षमता एकसाथ विकसित हुन्छन् । अघिल्लो पछिल्लामा मर पर्दछ । चित्रकलाको ज्ञान विद्यार्थीले नक्कल गर्ने प्रकृयाबाट हासिल गर्न सकछन् ।

!"बालक पनलाई" चिन्नु नै ठूलो उपलब्धि हो । शिक्षकले बालकको प्रकृयाको अध्ययन अवलोकन गर्नु पर्छ । प्रत्येक दिमागीय बनावट आफ्नै किसिमका हुन्छन् । तर बालकको दिमागीय मोडको ज्ञान तिनको विकासको साथ अवलोकनबाट जान्न सकिन्छ ।

वस्यतः अव्यावहारिक वस्तु सत्य हुँदैन । प्रयोगबाट व्यावहारमा सिद्ध हुन आएको वस्तु जीवनपयोगी हुन्छ । यसले मनिसको जीवनको उद्देश्य प्राप्तिमा सहायता दिन्छ । तर आदर्शवाद अन्तर्गत यस्ता विचारहरू नराखिएकोले बालक सामाजिक जीवन मार्गमा अव्यावहारिक बन्दछ । आदर्शवाद अन्तर्गत यस्ता सब्दहरूको प्रयोग भएको छ जसको व्याख्या गर्न साह्रै मुश्किल छ, जस्ते सत्यम् शिवम्, सुन्दरम् स्व, विश्वात्मा । यिनको ज्ञानबाट बालक सामाजिक क्षेत्रमा आफुलाई सबल नपाएर जीवन पथमा उसले कटुता अनुभव गर्दछ । प्रकृतिवादको लक्ष Self expression" लाई यिनले मदत पुर्याउँदैनन् वर्तमान व्यवहारिक आवश्यकता परिपूर्तिको ख्याल नगरी भविष्यको मात्र ख्याल राख्दा' अहिलेको वर्तमान जीवनलाई गाह्रो पर्दछ ।

संसारमा अनेकौं वातावरणले युक्त भएको, यथार्थताले भरिएको पुञ्ज हो ।

यो वातावरणको वैज्ञानिक ढाँचा बाट अध्ययन गरिएमा मात्र शिक्षाले मानिसलाई वास्तविकताको बोध गराउँछ । शिक्षाले मनिसलाई वातावरणनुकुल बनाउन पर्छ । वातावरणमा व्याप्त तथ्यहरूको यथार्थ रूपले वैज्ञानिक रूपबाट अवलोकन गरी अध्ययन अध्यापन गर्नु पर्दछ । यी तथ्यहरूको मानिसको भविष्यको जीवन संग सम्बन्ध गहिरो छ । तसर्थ वर्तमान अध्यापन प्रणालीले यी वस्तुहरूलाई त्यसै रूपमा अध्ययपन गराउनु पर्छ जुन रूपमा यी मानिसको भविश्यको व्यावहारिक जीवन संग सम्बन्ध राख्दछन् । व्यावहारिकताबाट विमुख गराउने शिक्षाले जीवन ध्वस्त पार्दछ ।

समाज गतिशील छ । समाजमा दिनानुदिन क्रिया-प्रतिक्रिया भैरहन्छ । समाज आफ्नो गतिमा प्रवाहित भैरहेको हुन्छ । यस गतिलाई मानव हितमा परिणत बनेका लागि चेतनशील, प्रबुद्ध वर्गको आवश्यकता पर्छ । शिक्षाले बालकलाई व्यावहारवादी शिक्षा मार्फत चेतनशील बनाउन पर्छ । शिक्षाको बौद्धिक पक्ष भन्दा व्यवहारिक पक्ष बलियो हुन पर्छ । प्रयोगवादी शिक्षाले समाजको गति निर्धारण गर्नु पर्छ । शिक्षाको माध्यम बाट नयाँ मूल्यको प्रतिस्थापन हुन पर्छ । यी नयाँ मूल्यहरूले मानिसको आवश्कता परिपूर्ति गर्न पर्छ । काल्पनिक मान्यताको कुनै आवश्यकता छैन । उपयोगी मान्यताको निर्माण शिक्षा बाट गरीन पर्छ भने, संसार अत्यधिक व्यवहारवादी हुन्छ र यहाँ ज्यून साह्रै सजिलो हुन्छ ।

राम्रो तथा सस्तो मूल्यमा औषधि किन्न परेमा

संझनु होस् ।

रसुङ्गा मडिकल हल

तमघास, गुल्मी

आदर्शवाद र भौतिकवाद-एक विवेचना

-हुक्कुम-

सारा दर्शनको-खासगरी हालको दर्शनको ठूलो आधारभूत सवाल चिन्तन र सम्बन्धी विषयक सवाल हो अथवा चेतना र पदार्थमा कुन पहिलाहो भन्ने प्रश्न नै दर्शनको आधारभूत प्रश्न हो । यही प्रश्नको उत्तर दियाइको आधारमा दार्शनीकहरू दुई भागमा बाँडिएका छन् ।

दार्शनीकहरू जसले चेतना बाट नै पदार्थको विकास भएको छ भन्दछन् ती आदर्शवादी हुन र जसले पदार्थबाट नै चेतनाको विकास भएको भन्दछन् ती भौतिकवादी हुन् । आदर्शवादीहरूलाई दुई भागमा बाँडन सकिन्छ ।

(१) वस्तुवादी आदर्शवादीः यिनीहरूको धारणा अनुसार विश्वको सृस्टि एकदा कुनै व्यक्तिको विचार द्वारा भएको छ । व्यक्ति भन्नु नै वस्तु हो ।

(२) अवस्तुवादी आदर्शवादीः यिनीहरूको मत अनुसार विश्वको सृस्टि मानिस देखि बाहीरको कुनै अलौकीक द्वारा भएको हो ।

आधुनिक भौतिकवादको समस्टिगत रूप १९ औं सताब्दीका तीन मुख्य सैद्धान्तीक धाराहरू र त्यहाको क्रान्तिकारी सिद्धान्त हुन जसलाई मार्क्सबाट सुसंगत गरियो । मार्क्सवादी दर्शन वा विश्व दृष्टिकोणलाई द्वन्दात्मक भौतिकवाद भन्दछन् ।

"द्वन्दात्मक (dialectics)" भन्ने शब्द ग्रीक भाषाबाट आएको हो जसको अर्थ हुन्छ खलफल, बहस आदि । लेनिनको भनाई अनुसार "सही अर्थमा द्वन्दवाद भनेको पदार्थहरूको स्वत्व भित्र रहेको अन्तरविरोधको अध्ययन हो ।" मार्क्सवाद लेनीनवादी पार्टिको विश्व दृस्टिकोण द्वन्दात्मक भौतिकवाद हो । यसलाई द्वन्दात्मक भौतिकवाद किन भनिन्छ भने प्राकृतिक घटनाहरूलाई हेर्ने, परख्ने र चिन्ने ढङ्ग द्वन्दात्मक छ र यी प्राकृतिक घटना सम्बन्धी यसको व्याख्या, कल्पना, सिद्धान्त र विवेचन भौतिकवाद छ ।

सार रूपमा द्वन्दात्मक भौतिकवाद अधिभूतवादको पुरापुरै उल्टो छ । अथवा अधिभूतवाद यस्तो तरीका हो जुन द्वन्दात्मक भौतिकवादको सम्पूर्णतः विरुद्ध छ । अधिभूतवादी तरीका प्राकृतिक विज्ञानबाट आएको हो तर १७ औं र १८ औं सताब्दीमा यसले दर्शनको रूप लियो । त्यस समयको अधिभूतवादले विकासको नियम, नयाँको विकास र पुरानोको पतन आदिका इन्कार गर्‍यो ।

सुप्रसिद्ध स्वीडिस प्राकृतिक वैज्ञानिक चार्ल्स लिनाइअस (१७०७-१७७८) ले के भने भने विरूवाहरूमा असंख्य तन्तुहरू तिनीहरूको विकास क्रममा स्थिर रहन्छन्, बदलिंदैनन् । यसरी लिनाइअस यो निस्कर्षमा पुगेकि प्राकृतिक विज्ञानको काम प्रकृतिको नियम मात्र वर्णन गर्नु हो जुन "बनाउने वाला" ले स्थापित गरिसकेको हुन्छ ।

फ्रेन्च दार्शनीक रोबिनेट (१७३५-१८२०) ले यो भनेकि वृद्ध मानिस कुनै हालतमा पनि उसको गर्भावस्थामा भन्दा फरक हुदैन । यसरी उनले मात्रात्मक परिवर्तनलाई मात्र विचार गर्न पुगे र त्यसबाट गुणात्मक परिवर्तन कसरी हुन्छ भन्ने कुरालाई बिल्कुलै बिर्सिदिए ।

समकालिन अधिभूतवाद जसले विकासको प्रगतिशील स्वभावलाई ईन्कार गर्दछ, नयाँ र पुरानो बिचको संघर्ष र नयाँको अवस्यमभावी बीजयलाई मान्दैन, प्रतिक्रयावादी शक्तिहरूकोनै सेवा गर्न पुग्दछ । अधिभूतवादलाई संशोधनवादीहरू द्वारा नै उपयोगमा ल्याइएको छ जसले वर्ग संघर्षलाई मान्दैन । समाजवादी क्रान्ति र सर्वहारावर्गको अधिनायकत्वलाई पनि नमान्नुको साथै शोषक र शोषित वर्ग बिच सामञ्जस्यता र पूँजिवादबाट समाजवादमा शान्तिपूर्ण संक्रमणको विचारलाई वकालात गर्दछन् । द्वन्दात्मक प्रणाली अनुसार मूलतः त्यो वस्तु महत्वपूर्ण छैन जुन कुनै समय स्थायी महशुस हुन्छ तर जसको अन्त तयनै शुरू भईसकेको छ । महत्वपूर्ण वस्तु त्यही हो जसको उदय र विकास भईरहेकोछ । चाहे त्यस समयमा उ अस्थायी र कमजोड नै प्रतित किन नहोस, किनकि द्वन्दात्मक प्रणाली त्यसैलाई नै अजेय मान्दछ जसको उदय र विकास भई रहेकोछ । द्वन्दात्मक भौतिकवादका नियमहरूलाई समेटदा हामी पाउँदछौं कि विपरीत वस्तुहरूको बीचमा एकता र संघर्ष दुवै हुन्छ । यिनीहरू एक आपसका विरोधी हुन्छन् तर एक अर्को फेरिएर पनि जान्छन् । त्यसै गरी मात्रात्मकबाट गुणात्मक परिवर्तन र निषेधको निषेध आदि द्वन्दात्मक भौतिकवादका नियमहरू हुन् ।

यसरी द्वन्दात्मक भौतिकवाद यस्तो प्रकारको विज्ञान हो जसले दर्शनको आधारभूत सवालको ठीक हल गराइएको आधारमा ज्यादै साधारण, भौतिक संसारको विकासको द्वन्दावादी नियमहरू अपनाउँदछ यसको ज्ञान र क्रान्तिकारी फेरबदलको लागि सहयोग गर्दछ । मार्क्सवादी दर्शन भन्दा अगाडी पनि भौतिकवाद र आदर्शवाद बिचमा अटुटरूपले संघर्ष भइरहेको हामीहरू पाउदछौं । दास समाज देखि लिएर आजको पुँजिवादी विश्वमा यिनीहरू बिचमा संघर्ष चलिरहेकोछ । भौतिकवादको आदर्शवाद बिरुद्धको संघर्ष दास समाजको प्रगतिशील तत्वहरूको प्रतिक्रयावादी शक्तिहरू विरूद्धको संघर्षबाट थाहा पाइन्छ । तर विवेक सून्य व्यक्तिकोलागि भौतिकवाद शब्दको अर्थ हुन्छ लोलुपता, पियक्कड, लालसा, नाफाखोरी, सट्टेबाजी- साराशमा ती सबै कोहर पापहरू जसमा उ आफै भित्रभित्रै लाग्दछ, उसकोलागि

आदर्शवादको अर्थ धर्ममा विस्वास, सर्वव्यापी' विश्वप्रेम र सामान्यरूपमा वढी असल हसार हो" र यी चीजहरूलाई लिएर उ अरूको सामु गर्व गर्दछ तर ती चीजहरूमा उ आफैले ज्यादा गरयो भने त्यस वेलासम्म विस्वास गर्दछ जवसम्म उ निराशाको स्थितिमा रहन्छ अथवा आफ्नो प्रचलित "भौतिकवादी" ज्यादतीहरुले गर्दा टाट पल्टाइको स्थितिबाट गुज्रिरहन्छ । त्यस् स्थितिमा उ आफ्नो प्यारो गीत 'मानिस के हो ?' आधा पशु आधा देऊता' भएर वस्न थाल्दछ । यसरी आदर्शवाद र भौतिकवाद बीचको संघर्ष र आदर्शवादीहरु द्वारा भौतिकवाद विरुद्ध फैलाएका तत्थ्यहिन, वकवासहरुको वारेमा थाहापाउन विभिन्न दार्शनीकहरु वारेमा थाहा पाउदा केही मात्रामा सहयोग हुनेछ ।

चार्वाकः यिनी चौथो-दोस्रो सताब्दी वि. सी. का भारतीय दार्शनीक थिए । सबै भनाई अनुसार विश्वमा चार चीजहरु छन्: आगो, पानी, हावा र पृथ्वी । सबै जीवित प्राणीहरु मानिस सहित यिनै तत्वहरुबाट वनेका हुन । चार्वाकले कुनै पनि इश्वरको अस्तित्वलाई मान्देनथिए र विश्वको सृस्टि, यसको आफ्नो स्वभावको कारण, यसको आफ्नै आन्तरिक कारणहरुबाट भएको हो भन्दथे ।

पुरानो भौतिकवादको चरमरूप पुराना ग्रीक दार्शनिक डेमोक्राइटस (४६०-३७० वि. सी.) को अणु सम्बन्धी सिद्धान्तमा पाइन्छ । डेमोक्राइटसले यो घोषणा गरेकि विश्वको बनावट अणुहरूले बनेको खोक्रो (void) छ । उनको विचारमा अणुहरू साना साना पदार्थहरू हुन जुन अदृस्य छन् । आकार, साइजमा फरक फरक छन् र एक अर्को सग तिनीहरूले मिलेर पूर्णत: भिन्दै वस्तुको रचना गर्दछन् र तिनीहरू आफै वदलिदैनन् । उनको दृस्टिमा अणुहरू अपरिवर्तनशील, अविनाशी, अभाज्य र अपारदर्शक हुन्छन् ।

एकातीर डेमोक्राइटसको दृस्टिकोण यसप्रकारको थियो भने अर्कोतिर अवस्तुवादी आदर्शवादीका रूपमा ख्याती प्राप्त दार्शनिक प्लेटो (४२७-३४७ वि. स) डेमोक्राइटसका वैचारिक रूपले विरोधी भएर उभिए । प्लेटो खुल्ला रूपका भौतिकवादीहरूका विरूद्ध जीवन भर लडे । भौतिकवादीहरू र नास्तिकवादीहरूलाई खतरा अपराधी ठहराउदै प्लेटोले तिनीहरूलाई मृत्युदण्ड दिनु पर्दछ भनेर माग गरेका थिए । डेमोक्राइटसका समर्थकहरू र प्लेटोका अनुयायीहरू विचको संघर्षले पुरानो ग्रीक दर्शनमा भौतिकवादी र आदर्शवादी विचको संघर्ष भन्ने कुरा झलंङ्ग्याउँछ ।

द्वन्द्वात्मक विचारको शुरुवात सबभन्दा पहिले खासगरी प्राचीन ग्रीक दार्शनिक हेराक्लाईटस (५४०-४८०वि. सी.) द्वारा विकसित भएको हो । जसलाई पहिलो प्रकारको द्वन्द्वात्मक सोचाइका जन्मदाता भन्दछन् । यिनैलाई द्वन्द्वात्मक भौतिकवाद

आविस्कारक पनि भन्दछन् । उनको दृस्टिमा प्रत्येक चीज बग्दछ, प्रत्येक चीज बदलिन्छ । हेराक्लाइटसले जोड दिए: उही नदीमा दुइ पटक नुहाउन असम्भव छ । उनले आगोलाई एउटा असाधारण उज्वलक र चल तत्व, विश्वको प्राथमिक स्रोत, अति आवस्यक र अमर सिद्धान्तको रूपमा सम्झे । हेराक्लाइटसले यो घोषणा गरे "विश्व कुनै इश्वर द्वारा सृस्टि गरिएको होइन, नत मानिस द्वारा सृस्टि भएको हो यो त वरू भूत, वर्तमान र भविस्यमा अमर ज्वाला, हरवखत उज्वल हुदै र हरवखत निभ्दै गरेकोछ ।

हेराक्लाइटसको यो घोषणालाई लेनीनले "द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तहरूको ज्यादै स्पस्ट व्याख्या" भनेर मानेका छन् । हेराक्लाइटसले भने "प्रत्येक चीज संघर्ष बाट विकास हुन्छ र आवश्यकताबाट अन्त हुन्छ ।" उनको भनाइ अनुसार 'चिसो तातोमा बदलिन्छ, तातो चिसो हुन्छ, भिजेको सुख्खा हुन्छ र सुख्खा भिजेको हुन्छ ।

प्राचीन ग्रीकका प्रख्यात दार्शनिकहरू मध्य अरिस्टोटल (३८४-३२२ वि. सी.) को नाम पहिलो आउँछ । उनीनै पहिलो दार्शनिक हुन जसले पहिलो पटक गतिलाई विभाजित गरे र त्यसलाई तीन प्रमुख रूपमा बाँडे । (१) अस्तित्वमा आउने (२) बिग्रिएर जाने (३) बदलिने । उनले सम्पूर्ण विज्ञानलाई तीन भागमा बाँडे: सैद्धान्तिक, व्यावहारिक (प्रयोगात्मक) र सृजनात्मक । मार्क्स-एँगेल्सले अरिस्टोटललाई सम्मानको दृस्टिले हेर्दथे र उनलाई ग्रीक दर्शनको अलेकजेण्डर महानको रूपमा बोलाउँथे तर उसै वखतमा साथसाथै उनका विरोधाभासपूर्ण र आदर्शवाद प्रति झुकावपरस्त रूखको आलोचना पनि गर्थे ।

पोलिस वैज्ञानिक निकोलस कपर्नीकस (१४७३-१५४३) ले आदर्शवाद र धर्मलाई एउटा मुख्य र शक्तिशाली हमला गरे । उनले टोलमेको ज्यामीतिय तरीकाको विरूद्ध helio centric system को प्रतिपादन गरे ।जस अनुसार ब्रह्माण्डको केन्द्र सूर्य हो र पृथ्वी सोर्यमण्डलको एउटा ग्रह मात्रै हो । यस भनाईलाई इटालिएन वैज्ञानिक जिअरडानो (Giordano) ब्रुनो (Bruno), ग्यालिलियो (galileo) र अरूहरूले पनि आवश्यक पुष्टीकरण गरे ।

आधुनिक युगका भौतिकवादी पहिला व्यक्ति अंग्रेज दार्शनिक फान्सीस वेकन (१५६१-१६२६) हुन । उनले वढी गहन साथ धर्म र आदर्शवादको विरोधगरे । वेकनको भनाई अनुसार जान्नकोलागि कसैले पनि प्रयोग, अवलोकन, तत्थ्यको विश्लेषण अनि एउटा तथ्यबाट र चीजबाट त्यसमा विश्लेषण गर्नु पर्दछ र अनि पछि मात्र निस्कर्षमा पुग्न सकिन्छ । यसरी निश्चित तथ्यबाट निस्किर्षमा पुग्ने यस

प्रकारको movement of thought लाई induction भन्दछन् । बेकनले प्रयोगात्मक विज्ञानका जन्म दाता हुन । बेकनको यस्तो भौतिकवादी धारणालाई अंग्रेज दर्शनमा थोमस होवस (१५६८-१६७६) र जोनलक् (१६३२-१७०४) ले सुचारू राखे र यान्त्रिक भौतिकवादको पूर्णरूपले विस्तार गरे ।

होब्सको भनाइ अनुसार ईश्वरको प्रश्न विज्ञानको विषय होइन वरू विश्वासको विषय हो । लक्को दर्शन क्षेत्रमा semsualism को लागि प्रारम्भिक बेन हो ।

१७ औं सताब्दीका आधा आधी तिर पुंजिवादी क्रान्तिले ब्रिटेनमा विजय पायो तर विजयी पूंजिपति वर्गले सामन्ती हुकुमी शासन सग सम्झौता गर्‍यो । त्यसैकारण १८ औं सताब्दीको पहिलो आधामा ब्रिटेनमा भौतिकवादसे जर्ज वर्कले (१६८४-१७५३) र डेभिड ह्यूम (१७११-१७७६) को वस्तुवादी आदर्शवादी दर्शनलाई जन्म दिए । वर्कले भौतिकवादका शत्रु थिए । उनले विश्वलाई मानिसको विचारको उत्पादन भनेर घोषणा गरे र सबै चीजहरूलाई चेतनाको समष्टिगत रूपमा सम्झे । वर्कले खास गरी पदार्थको धारणालाई घृणा गर्दथे । वर्कलेको दार्शनिक सोचाईलाई ह्यूमले समर्थन गरे ।

फ्रान्समा आधुनिक युगको दर्शनको पहिलो व्यक्ति दार्शनिक र गणितज्ञ रेनडिसकार्टस (१५९६-१६५०) हुन । डिसकार्टसको दर्शनलाई हामीहरूले उनको भौतिक विज्ञानको मत र यान्त्रिक विज्ञानको मत गरी दुई भागमा बाड्न सकिन्छ । भौतिक विज्ञनमा उनले प्रकृतिको भौतिकत्व, यसको असीमितता र अनन्तकाल (नित्यता) लाई सिद्ध गरेका छन् । उनको दृस्टिकोण अनुसार प्रकृति गतिशील छ तर यो गति यान्त्रिक गति हो । डिसकार्टसको भनाई अनुसार विश्वको उत्पति दुइटा सिद्धान्तमा भएको छ जुन एक आपसमा स्वतन्त्र छन्-चेतना र पदार्थ । उनी rationalism का जन्मदाता थिए । जसको मतलब कारण नै ज्ञानको मुख्य स्रोत हो ।

१७ औं सताब्दीका भौतिकवादी दार्शनिकमा हसेएडका वेनिडिकट स्पिनोजा (१६६२-१६६७) को नाम प्रमुख छ । स्पिनोजा १७ औं सताब्दीका एउटा प्रख्यात नास्तिकवादी दार्शनिक थिए । उनले धर्मलाई खालि आलोचना गर्ने मात्र गरेनन् बरू यसको कमजोरीलाई सिद्ध गर्न वैज्ञानिक तरिकासे लडे र यसको खराब काम र प्रतिक्रियावादी भूमिकालाई नङ्ग्याइ दिए ।

१८ औं सताब्दीको अन्त्यमा फ्रान्सको क्रान्तिको विजय भयो । यसले त्यहाँको सामन्ति सत्तालाई ध्वस्त पारेर पूंजिवाद स्थापना गर्‍यो । त्यस समयमा भौतिकवादीहरूमा खासगरी जुलियन लमेट्रिया (१७०६-१७५१), डेनस डिद्रोट (१७१३-१७८४), क्लाउड एड्रीन हेल्म टियस (१७१५-१७७१) र पाउल हेनरी होल ब्याक (१७२३-१७८६) थिए । फ्रेन्च भौतिकवादीहरू सामन्ति व्यवस्था, धर्म र आदर्शवादका कट्टर शत्रु थिए । फ्रेन्च भौतिकवादीहरूको दर्शनको क्षेत्रमा महत्वपूर्ण देन छ । जुन तिनीहरूको प्रकृतिको नियम; पदार्थ अथवा गतिको एकतामा आधारित छ । जति सुकै कामहरू गरे पनि तिनीहरूको दृस्टिकोण यान्त्रिक भौतिकवादको घेरा बाट बाहीर जान सकेन ।

१८ औं सताब्दीमा नै रूसमा पनि वैज्ञानिक दृस्टिकोणको विकास भएको थियो । त्यस समयका भौतिकवादी दर्शनका रासयनहरू माइकेल लोमोसोभ (१७११-१७६५) र अलेकजेण्डर रादीश्चेभ (१७४९-१८०२) थिए । लोमोसोभ एउटा इन साइक्लोपेडियन (Emcyclo paedian) वैज्ञानिक थिए । जुन भौतिक विज्ञान, रसायन विज्ञान, भूगर्भशास्त्र र अरू विज्ञानहरूको आविस्कारमा उनको दार्शनिक दृस्टकोण पाइन्छ । उनले आफूद्वारा प्रतिपादीत Loow of conservation of matter द्वारा विश्वको भौतिक एकताको विचारलाई समस्टिगत गरे ।

१८ औं र १० औं सताब्दीको जर्मन दर्शनको बारेमा थाहा पाउन उक्त समयमा त्यहाँको दर्शनमा भौतिकवाद र आदर्शवाद बिचको संघर्ष बारे थाहा भएमा जर्मन दर्शनको अवस्था बारे पनि थाहा पाउन सजिलो पर्ने छ । मार्क्स भन्दा अगाडीका जर्मन दार्शनिकहरूमा खास गरि काण्ट, हेगेल र फयूरब्याख प्रसिद्ध छन् ।

कान्टको दर्शन' इमान्यूअल कान्ट (१७२४-१८०४) अठारौं सताब्दीका जर्मनका प्रसिद्ध दार्शनिक थिए । युवा अवस्थामा उनले प्रशस्त प्राकृतिक विज्ञानको अध्ययन गरे । सुप्रसिद्ध कान्ट-लैपलेस कसमोजिक परिकल्पना जस अनुसार पृथ्वी र सौर्यमण्डलका अरू ग्रहहरू नेबुलाबाट प्राकृतिक तरिकाले सृस्टि भएका हुन भन्ने भनाइ छ । विश्वको सृस्टि इश्वरले गरेको हो भन्ने धार्मिक भूटलाई खण्डन गरे । कान्ट आदर्शवाद र भौतिकवादको बिचमा डूलमूल हुन पुग्दछन् । कान्टको यस्तो डूलमूले चरीत्रको अध्यन गर्दै लेनीन भन्दछन् कि काटीयन सूत्र: "मानिसले प्रकृतिका नियम कानूनहरू बनाउदछ, प्रकृतिले बनाउदैन ।" नै fideism of clericalisruc हो । कान्टको दर्शनको महत्वपूर्ण चीज यसको द्वन्दात्मक विचार हो ।

हेगेल (१७७०-१८३१)' १९ औं सताब्दीका जर्मन दार्शनिकहरूमा प्रख्यात दार्शनिक मानिन्छन् । उनले कान्टलाई उनमा विध्यमान वस्तुवादी आदर्शवाद र इश्वरको अस्तित्वको आलोचना गरे तर यो आलोचना अवस्तुवादी आदर्शवादको अवस्थाबाट मुक्त थिएन । हेगेलको दृस्टिमा विश्वको रचना मानिसदेखि बाहीरको अस्तित्वमा रहेको चेतना पदार्थबाट भएको हो भन्ने थियो । हेगेल "obsolute-idea" र "uniiverse Spirit" भन्ने कुरामा विश्वास गर्दथे । उनको

मनाई अनुसार विचार सबभन्दा पहिले आफै भित्र विकास गर्दछ, अनि यसको विकास को कुनै निश्चित अवस्थामा यो जीवनका क्रियाकलापहरू र उद्देश्यहरूमा फेरिन्छ। हेगेलले द्वन्दवादका आधारभूत नियमहरूको प्रतिपादन गरे जसमा उनका विचारहरू र सोचाइहरूलाई प्रतिबिम्बित गर्दछन्। उनले देखाएकि विकास बन्द घेरामा हुदैन यो त तलबाट गुणात्मक तिर हुन्छ र आन्तरिक अन्तरविरोध नै मूलस्रोत हो।

फ्युरब्याखको भौतिकवादः लुडविक फ्युरब्याख (१८१४-१८७२) जर्मन क्लासिकल दर्शनका अन्तिम सुप्रसिद्ध व्यक्ति हुन जसले आदर्शवादको विरुद्ध समझौताहिन संघर्ष गरे। फ्युरब्याखको १८ औं सताब्दीको अन्तविर र १९ औं सताब्दीको शुरूमा जर्मन दर्शनमा महत्वपूर्ण प्रभाव परेको थियो। फ्युरब्याखले भौतिकवादलाई यसको उचित ठाउँमा पुर्नस्थापना गरे। दर्शनमा उनको यो महान देन हो।

यसरी हेगेल र फ्युरब्याख द्वारा प्रतिपादन गरेको भौतिकवादलाई त्यस भित्रको आदर्शवाद बाट मुक्तगरी क्रान्तिकारी रूप दिई विकसित गर्ने काम मार्क्सबाट भयो। यसैलाई हामो मार्क्सवाद भन्दछौं। यही मार्क्सवाद नै आजको दर्शनको द्वन्दात्मक भौतिकवाद हो र यहीने सर्वहारावर्गको राजनीति र आदर्शवाद विरुद्धको आजको बिज्ञान हो।

माथि बताइएका विभिन्न आदर्शवादी र भौतिकवादी दार्शनिक र तिनीहरूको दर्शनबारे अब हामीले मोटा मोटी रूपले बुझ्यौ। यसबाट प्रकृति र समाजको विकास आदर्शवादी धारणाबाट नभई भौतिकवादी अझ खासत' मार्क्सवादी धारणाले विकास हुदो रहेछ भन्ने बारे निस्कर्षमा पुग्न हामी सक्दछौं।

०३७.११।२

अर्पातोप

इतिहासले लत्याएका मान्छेहरु

(एकाङ्की नाटक)

-धर्म भुसाल

पात्र-पात्राहरू

१. हेमन्त जोशी
२. मीनु कार्की
३. राम सिंह राई
४. अमर क्षेत्री
५. इन्स्पेक्टर बरुवा
६. राम हरिजी
७. माइला तामाङ्
८. उद्घोषक
९. शिव
१०. पुलिसहरू,गाऊँलेहरू, एउटा कालो आकृति

पहिलो दृश्य

ठाऊँ:- आसामको एउटा गाऊँ

समय- दिउँसो २ बजे।

(विदेशी खेदाओको जातिवादी आन्दोलनले चारैतिर जनताहरू त्रस्त भइरहेका हुन्छन्। नेपाली र अरू कैयौं अल्पसंख्यक जातिहरूलाई यो आन्दोलनले ठूलो मार परिरहेको हुन्छ। विदेशी खेदाओको नाउँमा मानिसहरूलाई अमानवीय तरिकाले गाऊँ-गाऊँ बाट निकाल्न शुरू गरिएको हुन्छ। नेपालीहरूलाई अनेक किसिमका डर-त्रास र धम्कीको सिकार बन्न परिरहेको हुन्छ। नेपाली जनताका पीर, मर्काहरू, नेपाली जनताका समस्याहरू समाधान गर्न कम्मर कसेका हेमन्त जोशी, मिनु कार्की र अरू एक-दुई जना साथीहरू एउटा आसामको गाउँमा पुग्छन्। केही गाउँलेहरूलाई दर्शकहरूले एउटा चउरमा बसेर कुरा गरिरहेको देख्छन्। यतिकैमा हेमन्त जोशी, मिनु कार्की र साथीहरूको प्रवेश।)

एउटा गाउँले:- (खुशी व्यक्त गर्दै) नमस्कार जोशी जी, मिनु जी सबैलाई नमस्कार। (सबैले नमस्कार फर्काउँछन्)

हेमन्त जोशीः– (गाउँलेहरूलाई) कस्तो हुनुहुन्छ तपाईंहरू ? आजकाल हामी कहीं पनि आउन छाडनु भयो ।

गाउँले:– (मन सानो गरेर) के हालचाल के बताऊँ, अनेक किसिमका मान्छेले हुने नहुने कुरा के केहो ? केहो ?

हेमन्तः– कस्ता कुरा गर्छन् त उनीहरु ?

गाउँले:– (आवेशमा आएर) साँच्चै भनूं सुन्नु हुन्छ उनीहरूका कुरा ? हामीहरू त उनीहरुका कुराले ज्यादै डराएका छौं । उनीहरु (आसामीया जातियतावादीदलका मानिसहरू अस्ति हाम्रो गाउँमा आएर भन्दै थिए-तिमीहरुलाई तिमीहरुको राजाले बोलाएको छ, तिमीहरु तिम्रै देशमा जाउ रे ।'' तिमीहरु यहाँ बसेर जंगल फाडेर स्वहा पारयो रे । अस्ति पल्ला घरेमा हिनुकहाँ दार्जलिङबाट दौरा सुरुवाल लगाएका उसका भान्जा र दाई भेट्न आएका रहेछन् ।उनीहरुलाई त विचरा ''तिमीहरु विदेशी भनेर पुलिसले झिकु लगेर थुनि राखेको छ । कस्तो-बिजोग हामीहरुको ।

माहिला तामाङ:– साँच्चो हामीहरुलाई बाँच्ने सारो भइसक्यो । खोई भोटर लिस्टमा नाम उठाउँछौ भन्दै कईयौं पुराना नेताहरुले पैसा उठाउंदा उठाउँदै अति मागे पनि दिंदै आएका छौं । आजकाल उनीहरु भन्छन् हामीले आफुले सक्यो गरयो केगर्ने ? दिल्ली पुग्यो काँ काँ पुग्यो ? आस्ति २ जना नेताहरुआएर ४०।४० दिए बस्न पाइन्छ हामी पक्का कागज निकाली दिन्छौं घेरैबाट उठाएर लगे तर हामीले भर्ने दिएनौं । उनीहरुले हामीलाई तिमेरुको बुद्धि हेमन्तले भुट्या छ, हेरौंला तिमीहरुलाई भनेर धागायो धारेर गए ।

हेमन्तः– हेर्नुहोस् साथी हो ! उनीहरुको पुरानो जाल च्याँतिनथालिकाले उनीहरुको सातो-पुत्लो उडेको छ । जनतालाई चाकें थापेर जोंड-रक्सी पिउन-जनता बाट मन परी पैसा उठाउने भरता उनीहरुका कुकर्महरु छदाङ्गी सकेका हुनाले उनीहरु मनपरी भुकन थालेका छन् । अस्ति बजारतिर गएर हेमन्त र उसका सथीहरुले गाउँलेहरुबाट पुग्रे पैसा उठाए भनेर हल्ला पिटाएछन्, यो हास्यास्पद कुरा होइन ? तपाईहरु आफैले भन्नोस् हामीले कहिले त्यसो गरयौं ?.

गाउँले:– उनीहरु बहुला कुकुर भैं मनपरी भुकन थालेका छन् ।

मिनुः– त्यसैले तपाईहरु सबैलाई हाम्रो अनुरोध छ कि तपाईंहरु पनि त्यस्ता जनताका शत्रुबाट सतर्क हुनुहोस् । उनीहरुले एका तिर माथिल्लो ओहोदामा बसेका मुठिभर व्यक्तिहरुको चम्चागिरी गरेकाछन् भने अर्कोतिर सिधा-साधा जनताहरुलाई सधैंभरि अँध्यारोमा अल्मल्याउने षडयन्त्र रच्दै अनेकौं नापका नेपाली संगठनहरु खडा गरेर- चुनावको बेला जनतासंग भोट माग्ने भाँडोको रुपमा ती सब संस्थाहरुलाई प्रयोग गर्दै आएको कुरा आज सम्मको इतिहासले छर्लङ्ग पारेको छ । साथी हो ! याहाँका सबै जनताहरु हाम्रा दुश्मन होइनन् । हाम्रा दुश्मन ती हुन्-जसले आफ्नो स्वार्थको दुनो सोभ्याउन हामीलाई आपसमा लडाउँछन् । साथी हो ! चाहे ती नेपाली हुन् या आसामी हामीलाई फुटाउने, हामीलाई आपसमा लडाउने सबै हाम्रा शत्रु हुन् । हामी तमाम अल्प संख्यक जातिहरुको हक, हीत र अधिकारको निम्ति एक जुट हुने पर्छ ।

गाउँले– सारै घतलाग्दो कुरा गर्नु भयो ।

हेमन्त– दाज्यू भाइहरु हो ! हामीले हामी नेपाली र अरू अल्प संख्यक जातिहरुको हक, हीत र अधिकारको निम्ति संघर्षको तयारी गर्न एउटा जन-सभाको आयोजना गरेका छौं, जुन सभाले हामी माथि परेका अनेकौं पीर-मर्का र समस्याहरुलाई आफ्नो बिषय-वस्तु बनाउने भएको छ, त्यो सभामा उपस्थित हुन तपाईंहरु सबैलाई अनुरोध छ । (हेमन्त, मिनु र अरु साथीहरु बिदा भएको देखिन्छ, अरु गाउंले दाज्यू-भाइहरु पनि उठेर, हेमन्त र मिनहरू संग-संगै अनि घर सम्म आएको देखिन्छ । यतिकैमा मञ्चले कालो पर्दा ओढद्छ ।

चोथो दृश्य

समय- बिहानको- १० बजे । ठाउँ राम सिह राईको घर ।

राम सिह राई आफ्नो घर बाहिर बसिरहेको देखिन्छ । उसका अगाडि टेबिलमा एउटा बोतल, गिलास र सिगरेटको पाकिट देखिन्छ । यतिकैमा राम सिहको लङ्गौटी यार' अमर क्षेत्रीको प्रवेश)

राम सिहः– मुस्कुराउंदै अलि-अलि लरबराएको स्वरमा) आउनुहोस्-आउनुहोस् क्षेत्रीजी म तपाईंको प्रतीक्षामा थिएँ, बस्नुस् ; बस्नुस् ।

अमर– (राम सिह सित हात मिलाउंदै) राम्रै छ राईजी. मेरो हाल खबरता, तर...

राम सिह– तर के भन्नोस्''' चाँडै भन्नोस् उनीहरू के गर्दैछन् ? के हाम्रा योजनाहरू माथि उनीहरू आगो लाउंदैछन् ? के हामीले गरेका महान कार्यहरूमाथि उनीहरू हिलो छयाप्तै छन् ? कि के गर्दैछन् ?

अमर– (गम्भिर भएर)राईजी, वर्षौंदेखि तपाईं हामी जसरी जनतामा जागरणको बिकुल फुकेका थियौं, आज चारैतिरबाट केही उरन्ठपाउला केटा केटीहरूले त्यसको विरोध गर्न थालेकाछन् (मुस्तरी) सुन्नुभो-हामीले दिल्ली जान्थौं भनेर चन्दा उठाएर घर बनाएको सबै कुराहरूको पत्तो उनीहरूले पाइसकेछन् । यो आश्चर्य लाग्दो कुरा भयो । (यता-उती हेरेर मुस्तरी) भित्र-भित्रै उनीहरूको हामीलाई स्वाहा पार्ने योजना छ रे ।

राम सिंह– (मुख बिगार्दै) न आत्तिनु होस् क्षेत्रीजी, कस्ता-कस्ताकहाँ गए मुसाका छोरा-दरबार, तिनीहरूको ओखती मूलो गर्न म जानेको छ । ती हिजोका फुल आजका बल्लाको यत्रो पूर्ति ? केटाकेटीको पूर्ति नहो सारै आत्तिनु पर्ने केही छैन ।

अमर– (अलि डराएको भावमा) तर राईजी, कुरा त्यती सजिलो जस्तो लागेन मलाई । म हिजो यसो गाउँतिर घुम्न गएको थिएं, गाउँमा के कुरा भईरहेका थिए बुझ्नुभो, ''राम सिंह र उसका साथीहरू लुटाह-फुटाहा र डाँकाहरू हुन् उनीहरूबाट अब सावधान हुने पर्छ, ती लाखीहरू आए भने तिनीहरूको बेइज्जती गर्छौं, तिनीहरूबाट सावधान हुन पर्छ ''(मसिनो स्वरमा'') म बल्ल बल्ल गाउँबाट उम्केर आएं हिजो' मलाई झन्डै मासेका ।''

राम सिंह– (उसको अनुहारमा केहीक्षण अगाडि देखापरेको घमण्डले भरिएका रेखाहरू धुमिल भएका देखिन्छन् । वर्षौंदेखि दुःखी जनताका आर्तनादहरू छट्पटाहटहरू, रोग र भोकहरूलाई एकातिर पर्याकेर मनपरी उनीहरूलाई लुटेको पाप धुरीबाट झुलिन थालेको देखेर उसको केहीक्षण अगाडि सम्मको फुर्ति पनि सेलाउँदै जान्छ । उसले बोतल खोलेर गिलासमा खन्याएको देखिन्छ) क्षेत्रजी, अलि-अलि अजम्बरी झोल तानौं, कतै यसले पो समाधानका असल बाटाहरू निकाल्छ कि ? (गिलासमाको रक्सी हातमा लिएर) दुःखको साथी सुखको साथी हाम्रो जीवन साथी यो मदिरा, तैंले नै देख अब केही नौला बाटाहरू (दुवै पिउन थाल्छन् । मञ्चमा पहेंलो लाइट देखिन्छ । राम सिंह र अमर लरबराई रहेका देखिन्छन् । उनीहरू पिउँदा-पिउँदै एउटा हिन्दी गीत गुनगुनाइरहेको दर्शकले सुन्न सक्छन् ''सो साल पहले मुझे तुमसे प्यार था आज भी है और कल भी रहेगा'' उनीहरूको स्वर मदिराको असरले नबुझिने हुन थाल्छ, यत्तिकैमा मञ्चमा विस्तारै अँध्यारो छाउँछ) ।

तेस्रो दृश्य

स्थान पुलिस थाना । समय बिहान ६ बजे ।

राम सिंह र अमरे उनीहरूप्रति बढ्दै गइरहेको जन आक्रोश दबाउन असफल भए पछि, जन आन्दोलन कुल्चन वर्षौंदेखि उनीहरूका कुकर्ममा साझेदारी गर्दै आएका, जनता लुटेर पेट लाएका इन्स्पेक्टर बरुवाको शरणमा पुग्छन् । केही पुलिसहरू यताउता गरिरहेका देखिन्छन् । राम सिंह र अमर क्षेत्री टाइ सूट कसेर सिगरेटको धुवाँ उडाउँदै पुलिस थानामा प्रवेश गर्छन् । भित्र इन्स्पेक्टर बरुवा बसिरहेको देखिन्छ)

इन्स्पेक्टर– आइए ? राईसाप, क्षेत्री साप कस्तो छ ? धेरै दिन भयो भेट नभएको, सञ्चै त होला नी ? हामीलाई बिर्सनु भए जस्तोछ ?

राम सिंह– ओहो बरुवा साप् , अस्ति मात्र लखिमपुरबाट फर्केर आएको जान्नु नै हुन्छ, जनताको काम गर्दा धेरै घुम फिर गर्नै पर्ने । फेरि अहिले त्यस्तै समस्या आइलागेको छ ।

इन्स्पेक्टर– हामी पनि त जनसेवक हौं । होइन र ?

राई– हो तर अहिले बीचमा केही अप्ठ्याराहरू आइपरेका छन् इन्स्पेक्टरसाप, केही काँढाहरूलाई तपाईंले निकालेर पर्याकि दिने परयो । वास्तवमा हाम्रो मेल मिलाप पहिले देखिकोहो हाम्रो एक गाढीका दुइ पाङ्ग्रा जस्तै भनौं नङ र मासु जस्तै भएर आएका छौं' यो कायमै रहोस् भन्ने मेरो इच्छा छ ।

इन्स्पेक्टर– कुरा प्रस्ट पर्नु होस्न ।

राई– के कुरा बुझ्नु भएन, आज आतंककारीहरूले सबै नेपालीहरूलाई बाँडिसके । नेपाली र गोर्खाली बनाएर जुन, भिन्नताका रेखाहरू हामीले कोरेका थियौं, ती भिन्नताका रेखाहरूलाई आज उनीहरूले जोडी सके । हाम्रो हक र अधिकार नपाए सुगौली सन्धि फिर्ता गर्छौं भनेर उनीहरूले जनतालाई भड्काउन सम्म भड्काएका छन् ।

इन्स्पेक्टर– को हुन ती तत्वहरू ?

राई– हेमन्त जोशी र मिन कार्की इन्स्पेक्टर साप् , मैले पत्ता लगाएं केही महीना अगाडि भित्तामा टाँसिएका उग्र नाराका पोस्टरहरू र चारै तिर छरिएका पर्चाहरू उनीहरूले गरेका रहेछन् इन्स्पेक्टर साप्...। समयमै ओखती मूलो गरिएन भने यो रोगले हामीलाई मात्र होइन तपाईंहरूलाई पनि खुर्लुक्कै पार्ने छ इन्स्पेक्टर साप् । अनि जनता भड्किए पछि हाम्रा पैसा आउने ढोकाहरू बन्द हुने छन् ढोके बन्द भए पछि हामीहरूले तपाईंहरूलाई के

सहयोग गर्न सक्छौं र ?)

इन्स्पेक्टर– ठीक छ; मित् र हेमन्तलाई मैले ठीक गर्छु..... ।

दाई– (खुशी भएर) धन्यवाद इन्स्पेक्टर साप् ।

अमर– धेरै-धेरै धन्यवाद, इन्स्पेक्टर साप् (दुवै त्यहाँबाट उठेर हिंडेको देखिन्छ, मञ्चमा कालो पर्दा ओढ्दछ)

चौथो दृश्य

समय– दिउँसो १२ बजे । स्थान– गोर्खा मोडल स्कूल अगाडिको चौर ।

(आज सम्पूर्ण पूर्वाञ्चल भरिका सक्रिय युवाहरूको आयोजनामा नेपालीहरूको अस्तित्वको सवाललाई लिएर एउटा सभा भइरहेको छ । विगत एक-दुइ वर्ष देखि "विदेशी खेदाओ जातियतावादी आन्दोलनले सन्धिको चपेटामा परेका सयौं वर्ष देखि यो देशमा बसोबास गरिरहेका नेपालीहरू पनि जातियवादीहरूको आँखामा विदेशी हुन पुगेका केयौं नेपालीहरूलाई हाट बजारबाट' जंगलबाट, गाउँबाट समाप्तै सीमाना कटाउने जस्ता घृणित कार्यहरू भएका छन् । नेपालसग सांस्कृतिक, साहित्यिक र पुर्खौलीको नाता भए पनि हामी भारतको नागरिक हौं त्यसैले अरू नागरिकले तरह हामीले पनि यो देशमा हक र अधिकार पाउन् पर्छ भन्दै सम्पूर्ण जनताहरू एक जुट हुँने गएका छन् । आजको सभाका प्रमुख वक्ताहरू छन्-हेमन्त जोसी र सुश्री मिन् कार्की । चौरमा चारैतिर मानिसहरूले खचाखच भरिएको हुन्छ । चौरको कुनातिर एउटा टेबील र कुर्सीहरू राखिएको देखिन्छ । आजको सभाका उद् घोषक माइक नजिके पुगेर केही मग्न लागिरहेको देखिन्छ)

उद्घोषक– टाढा-टाढाबाट आउन् भएका साथीहरू, गाउँ-गाउँबाट उपस्थित हुन् भएका सज्जन तथा महिला वृन्द आजको सभा सुरू गर्न् भन्दा पहिल्यै म तपाईंहरूलाई यो सभाको आयोजकको तर्फबाट धेरै-धेरै धन्यवाद टक्र्याउन चाहन्छु र अब हामी आजको सभा सुरू गर्छौं आजको सभा सन्चालन गर्नका निम्ति म वयोवृद्ध शिक्षक श्री राम हरि जी भाई प्रस्ताव राख्दछु ।

एउटा गाउँले– (जुरूक्क उठेर) म यो प्रस्तावलाई समर्थन गर्दछु । (राम हरिजीले सभापतिको आसन ग्रहण गरेको देखिन्छ । चारैतिर विभिन्न किसिमका पोस्टरहरू रंगि बिरंगी आधारले लेखेर टाँसेका देखिन्छन् । कतै-कतै पोस्टरहरूमा देखा पर्छ "जनतालाई फुटाएर लुट्ने बानो तुरून्त बन्द गर" जातिवादी दंगाहरूलाई तुरून्त बन्द गर "भारतीय नेपाली नागरिकको सुरक्षाको ग्यारन्टी गर" जनतालाई अधिकारबाट वञ्चित पर्ने घृणित नीति तुरन्त छोड" नेपाली भाषालाई संविधानको अष्टम अनुसूचिमा तुरन्त अन्तयुक्त गर आदि)

उद्घोषक– (माइकको नजिकै आएर) आदरणीय सभापति महोदय, टाढा २ बाट आउन् भएका साथीहरू, आजको यस सभाका प्रमुख वक्ताहरू हुन् हुन्छ श्री हेमन्त जोसी र सुश्री मिन् कार्की, अब म श्री हेमन्त जोशीलाई यहाँ आएर आज हामीले भोग्न् परिरहेका अनेकौं समस्याहरू जसले हाम्रो हक र अधिकारको हनन गर्न तेर्सिएका छन् तिनै थाङ्गा-टिङ्गा समस्याहरू बारे बोलिदिन अनुरोध गर्दछु ।

हेमन्त– (बसेको ठाउँबाट जुरूक्क उठेर, आफ्नू अनुहारलाई अरू गम्भिर पार्दै) आदरणीय सभापति महोदय, आजको महत्वपूर्ण जनसभामा टाढा-टाढाबाट आउनु भएका मेरा साथीहरू आज तपाइंहरूको अगाडि हाम्रा जल्दा-बल्दा समस्याहरूलाई लिएर केही बोल्ने मौका पाउँदा धेरै खुशी लागिरहेको छ । साँच्चै साथी हो, आज हामी घरनघाटका जस्तै भएका छौं । वर्षौं २ देखि हामीलाई जाल- झेलीहरूले अनेकौं जाल झेलमा पारेर लुटिरहेका छन् । हामीलाई गोर्खाली र नेपालीको भ्रमजालमा पारेर उनीहरू अझै पनि हामीलाई टुटाउन र फुटाउन चाहन्छन् । आज सम्म नेता मनाउँदा केयौं फटाहाहरूले हाम्रा पसिनाहरू मनपरि लुटे । मन परी पैसा उठाएर हाम्रा समस्याको समाधान गर्छौं भन्दै विभिन्न सहरिया होटलहरूमा गएर रक्सीका बोतलमा चुर्लुम्म भएर यहाँ फर्के । साथी हो ! हामीले धेरै सह्यौं । यिनीहरूबाट केही हुन्छ कि भनेर लामो प्रतीक्षा गर्यौं । अहिले छर्लङ्ग भइसक्यो साथी हो ! यिनीहरूले माखो पनि मार्न सकेनन् यि पतीत तत्वहरूको नेतृत्वले गर्दा आज नेपालीले नेपाली टोपी लगाउनु, नेपाली भाषा बोल्नु, नेपाली हुँ भन्नु पनि अपराध भैसकेको छ । यी पतीत तत्वहरूले अनेकौं संघ संस्थाहरू खोली त्यस द्वारा नेपाली जनतालाई शोषण गर्न सम्म गरेकाछन् । साथी हो ! सुनिदैछ यी पतीत हरूले पुलिस र गुप्तचरका मानिसहरूसंग मिलोमतो गरेर हामीलाई दबाउनेकुचेस्टा चलाउँदै छन् रे ! म तपाईंहरूलाई भन्न चाहन्छु, हामी पसिना चोर होईनौं । हामी लुटेरा पनि होइनौं । हाम्रा मान्छेहरूलाई अनेकौं डरलाग्दा जगलहरू फाड्न लगाइएको छ । उनीहरूले अनेकौं भयानक जंगली जनावरहरूसंग जुटदै यहाँको माटोमा आफ्नो पसिनाको खोलो बगाएकाछन् । यो देशको सुरक्षाको निम्ति हाम्रा लाखौं दाज्यू-भाईहरूले आफ्नो ज्यानको बाजी लगाएका छन् । त्यसैले विदेशीको छाप लगाएर हामीलाई अनेकौं यातनाहरू दिइन्छ भने हामी अब चुप्प लागेर बस्ने छैनौं । हामीलाई असहाय ठानेर उनीहरू हामी माथी मन परी गर्दैछन् ; उनीहरूलाई सम्झाइदिनुस् साथी हो ! सुगौली संधिको इतिहास आज पनि आलै छ । यो देशमा हाम्रो गास, बास, कपासको

ग्यारन्टी हुने पर्छ भारतीय ६० लाख नेपालीहरूको एकता अमर रहोस्। म आफ्नो सानो वक्तव्य यहीं समाप्त गर्दछु। (उनी गएर आफ्नो ठाउँमा बस्छन्। जनताहरू करतल ध्वनीले ताली बजाउँछन्)

उद्घोषक– (माइकको छेउमा गएर) अब म सुश्री मिनु कार्कीलाई केही बोल्नु हुन अनुरोध गर्दछु।

मिनु– (उठेर माइकको नजिकै आउँछिन्) आदरणीय सभापति महोदय, उपस्थित सज्जन तथा महिला वृन्द, आजको यो महत्वपूर्ण सभामा केही बोल्ने अवसर पाइरहेकोमा धेरै हर्ष लागिरहेछ। साथी हो ! आज हाम्रो अस्तित्वनै खतरामा पर्न लागिरहेको छ। यो सरकारले एकातिर भारत र नेपालको सीमा खुला राखेर बेरोक टोक आउने जाने छुट दिएको छ भने अर्को तिर भारतमा पस्ने वित्तिकै नेपालीहरूलाई पुलिसको लाठि र लुटले सताइएको छ। भारतीय नेपाली नागरिकहरूलाई सुगौली सन्धी साक्षी राखेर यो सरकारले हक र हीतको सुरक्षा गरोस् र नेपालका नागरिकहरूलाई पनि दौरा सुरुवाल र टोपी देख्ने बितिकै धरपकड गर्ने, अपमान गर्ने कार्य तुरुन्त रोकोस् भन्न चाहन्छु। साथी हो, हामीले अधिकार भीख मागेर पाइन्छ कि भनेर झोली थाप्न लागेको धेरै दशक भइसक्यो। संसारको इतिहास हेर्नुहोस् भीख मागेर अधिकार कसले पायो ?. त्यसैले अब भीखको निम्ति कोखिला मनि च्यातिएको झोली फ्याँकदो र अधिकार प्राप्त गर्न संघर्षको मैदानमा उत्रौं। (यत्तिकैमा मञ्चमा ग्रप 5 बुट जुत्ताहरूको आवाज आउँछ) न आत्तिनुहोस् साथी हो ! यो निश्चय पनि प्रति-क्रयावादीहरूको हामीलाई दबाउने जाल हो, हामी अन्तिम सास सम्म पनि आत्म समर्पण गर्ने छैनौं (यतिकैमा मञ्चमा देखा पर्छन् पुलिस इन्स्पेक्टर बरुवा, केही पुलिस जवानहरू अनि आफुलाई नेताको फेटा गुथाएर जनता चुस्ने डाँकाहरू अमर क्षेत्री र राम सिंह राई)

राम सिंह– (आवेशमा आएर) इन्स्पेक्टर साप्, भाग्लान् यी उग्रवादीहरू समाप्त पारिहाल्नुस् यिनीहरूलाई......यी नेताहरूलाई (यतिकैमा पुलिसहरूले हेमन्त र मिनुलाई समाती हाल्छन्। पुलिसका लाठीको प्रहार सहन नसकी निशस्त्र जनताहरू अय्या......आत्था...... मरेनी भन्दै दगुरा-दगुर गरेको देखिन्छ। चौरको मान्छेहरूको दगुरा-दगुरमा वेदना बोकेर वातावरणलाई कोइरी मण्डल बनाउँछ, यत्तिकैमा मञ्चले कालो पर्दा ओढ्दछ)

पाँचौं दृश्य

(जन-द्रोही राम सिंह र अमरेले हेमन्त र मिनुलाई पक्डाए पछि शान्तिको सास फेरिरहेका हुन्छन्। उता जनताहरूमा भने उनीहरूप्रति र पक्षपाती पुलिस कारबाही प्रती आक्रोश फैलिँदै जान्छ। हेमन्त र मिनुले देखा-

एको अस्तित्वलाई बोतलमा हालेर पिएका पिए उनीहरूप्रति घृणाका ज्वाला-हरू बढाउँदै एकत्रित हुँदै जान्छन्। हेमन्त र मिनुलाई छुटाउन निस्केको जुलुसले विभिन्न किसिमका play cards हरू र तिनमा विभिन्न किसिमका नाराहरू लेखेका हुन्छन्।

शिव– (हातमा play cards बोकेर अघि 5 हिंडेको देखिन्छ) मिनु र हेमन्तलाई

समुह– चाँडै छाडिदेउ

शिव– जनताका शत्रु रामे अमरे

समुह– मुर्दा बाद।

शिव– जनतालाई सताउने कारबाही

समुह– तुरुन्त बन्द गर

शिव– विदेशी भनेर जनतालाई सताउने काम:

समुह– तुरुन्त रोक

शिव– voter list बाट नेपालीहरूको नाउँ काट्ने कुटिल नीति-

समुह– तुरुन्त बन्द गर।

(भीड आफ्नैतिर आइरहेकोले राम सिंह र अमर डराई 5 बाटाका कुना 5 लुक्दै हिंड्दै गरेको देखिन्छ। अन्तमा उनीहरू जनताको हातमा पर्छन्, जनताले उनीहरूलाई टुप्पीमा समाएर संग-संगै हिडाएका देखिन्छ। जनतालाई अनेकौं जालमा पारेर लुटेको पुरस्कार आज ती दुस्टहरूले पाइरहेका हुन्छन्। जुलुसमा हजारौं युवा-युवतीहरू सामेल भएका हुन्छन्। जुलुसको बिचमा विभिन्न नाराहरू घन्किरहेका हुनाले वातावरण नै गुञ्जयमान भइरहेको हुन्छ। जुलुस हेमन्त र मिनुलाई छुटाउन D. C. अफिसर तिर लम्किरहन्छ। यत्तिकैमा मञ्चमा अँध्यारो छाउँछ। यत्तिकैमा मञ्चमा एउटा कालो आकृति देखा पर्छ)

कालो आकृति– (हामी लुते कुकुर होईनौं साथी हो; जो आफ्नो मालिकले घृणाको लात हान्दा पनि कृतज्ञताको पुच्छर डोलाउँछ। बुझ्नु भो हामी एक जुट भए हामीलाई कल्ले हल्लाउन सक्छ ? सुगौली सन्धिको इतिहास आज ताजै छ। अँग्रेज साम्राज्यवादीहरू संग पुर्खाले लडेको इतिहास अझै ताजै छ। हाम्रा वीर पूर्खाहरू शहीद भएका चिहान अझ ताजै छन्, त्यसैले यदि हामी माथि अत्याचार हुन्छ भने, हामी माथि दमन हुन्छ भने हाम्रा दिदी बैनीको सतीत्व माथि आक्रमण हुन्छ भने र हाम्रा बुढा-बुढी बाउ-आमाहरूको वेइज्जत हुन्छ भने आउनु होस् एउटा ठूलो किरिया खाउँ यो इतिहासलाई साक्षी राखेर कि भारतीय नेपालीको अस्तित्वको निम्ति हामी ज्यान होम्न तैयार छौं। हाम्रो गास,वास र कपासको ग्यारन्टीको निम्ति प्राणको बाजी लगाउन तैयार छौं, आवाज विस्तारै धीमा हुँदै जान्छ। पर्दा खस्छ)

❋ चाइनिज, जापानी, कोरियन पोलिस्टर,
सुटिङ्ग, सटिङ्ग तथा अन्य कपडाहरु
❋ श्रृङ्गारका सामानहरू .
❋ बिभिन्न किराना सामान
तथा चिनी
सूपथ मूल्यमा बिक्री आदी किन्नु परे
पाल्नुहोस्
डिल्लीराज भुसाल
नयाँबजार, तमघास, गुल्मी

बिभिन्न डिजायनदार, रंगीन वा सादा
पासपोर्ट साइज आदीमा
सुपथ सुल्य एवं छिटो समयमा फोटो खिच्नु परे
पाल्नुहोस्
हामी तपाइको सेवामा तत्पर छौं
पाण्डेय फोटो सेन्टर
तथा
किराना गल्ला आदी सामानको लागि
पाण्डेय स्टोर्स
नयाँबजार, तमघास, गुल्मी

प्रधानाध्यापकको मन्तव्य

कुरा गर्न अति सजिलो हुन्छ काम गर्न पनि त्यत्तिकै गाह्रो हुन्छ। २०३४ साल सम्म यो विद्यालय नि. मा. वि. के रूपमा थियो। धेरै वर्ष पहिले देखि नै माध्यमिक विद्यालयको खाँचो हुँदाहुँदै पनि यसले आफ्नो रूप बदल्न सकेको थिएन। यसैले अरू क्षेत्रको तुलनामा मा. वि. का निम्ति हामी १० वर्ष पछाडि पर्नु पर्‍यो। तर २०३५ सालमा आएर यसले आफ्ना बिभिन्न व्यवधानलाई पन्छाएर आफ्नो शिर ठाडो पार्‍यो। जन प्रतिनिधि र रा. वि. से. कार्यक्रमका छात्रहरूले संयुक्त प्रयासले 'दुग्ध पोखरी' भन्ने ठाउँको विशाल डाँडोलाई जनसमुहद्वारा अपार हर्ष, उत्साह र जोशले काट्नेकाम भयो सम्म मैदान पारियो। शिक्षामंत्रालय तर्फ दौडधुप भयो स्वीकृतिका निम्ति। स्थानीय विकास विभागसंग सम्पर्क भयो छानाका निम्ति आशातीत भन्दा पनि बढी छाना (ककंट पाता) उपलब्ध भयो। २१० हात लामो आकारको विशाल भवन तयार भयो। एक कोठामा १०० भन्दा बढी विद्यार्थी बस्न सक्ने १४ कोठे पक्की भवन पूर्णरूपले तयार भयो। तत्कालीन माननीय शिक्षाराज्य मन्त्री श्री पशुपति शमशेर ज. ब. रा. यस ठाउँमा आई जनताको पसिने पसिनाले तयार गरिएको यति ठूलो विशाल मैदान र विद्यालय भवन देखेर तत्काले सीधै स्थाई स्वीकृति प्रदान गर्नु भयो। हामो सबै हर्षले गद्‌गद् भयौं।

२०३५-०३६ शैक्षिक सत्रमा कक्षा आठमा ४२ जना विद्यार्थीहरू लिएर खडा भएको यस विद्यालयले विद्यार्थीहरूको संख्यामा निकै प्रगति गर्दै आएकोछ। हाल कक्षा ८ र ६ का सेक्सन समेत खोलिएको छ। आगामी वर्षहरूमा यस क्षेत्रमा विद्यार्थीहरूको संख्या निकै बढ्ने संभावना देखिएको छ। आज भन्दा ४ वर्ष पहिले ५-६ जना शिक्षकहरूले मात्र अध्यापन गर्थे भने आज आएर १७ जना शिक्षकहरूले अध्यापन गर्न पाउनु कम खुशीको कुरा होइन।

बिद्यालयलाई सबभन्दा पहिलो टाउको दुःख्ने काम के थियो भने फर्निचर समस्या। हाल यो समस्या पनि समाधान भैसकेको छ। कक्षा १ देखि १० सम्मका विद्यार्थीहरू सजिले संग बेञ्चमा बसी, डेस्कमा कापी-किताब राखी राम्ररी लेख-पढ गर्न सक्षम भएका छन्। शिक्षकहरूका निम्ति पनि बेग्ला-बेग्लै कुर्सी, टेबुल-दराज समेतको राम्रो व्यवस्था भैसकेको छ।

रचनात्मक कामहरू विद्यालयका निम्ति कुनै नौला हुँदैनन्, किन भने एक छाडी एक काम यसको अगाडि तेर्सिएकै हुन्छन्। हाल यस विद्यालयले भोग्न परिरहेका मुख्य समस्याहरू यी हुन्- छात्रावासको अभाव, प्राथमिक स्तरलाई अलग्याउने काम, खाने पानीको खाँचो र शौचालयको सुप्रबन्ध। छात्रावासको अभावले गर्दा टाढा-टाढा का विद्यार्थीहरूले डेरा-डण्डाको निम्ति निकै ठूलो कष्ट भोग्न परिरहेको छ। यसम

सबै क्षेत्रबाट सहयोग पाई आउँदो वर्षमा उक्त कार्य सम्पन्न गर्ने अनिवार्यता देखिन गएको छ । खाने पानी सम्बन्धमा नाप-जाँच गर्ने काम भइरहेको छ । शौचालय निर्माणका निम्ति पनि केही रकम प्राप्त भै सकेको पनि छ । अतः उक्त कार्यहरू निकट भविस्यमा नै पुरा हुने कुरामा विश्वस्त छौं ।

अन्तमा, यस विद्यालयले आपनो बार्षिक मुखपत्र 'सूर्य' प्रथम पटक निकालेको छ । आगामी वर्षहरूमा पनि यसै गरी विद्यालयका योजनाहरू पूरा भएका कुरा समावेश गरी आपनो मन्तब्य दिन सकूँ । अस्तु ।

विद्यालय सहकार्यकलाप सम्बन्धी विवरणः-

गत शैक्षिक सत्रमा श्री सरस्वती म्या. मा. विद्यालयले विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि सदनात्मक रूपमा विभिन्न प्रतियोगिताहरूको आयोजना गरेको थियो । जसमा भानु तथा बलभद्र सदन प्रथम, शुक्र सदन द्वितीय र लक्ष्मी सदन तृतीय भई पुरस्कार प्राप्त गरेका थिए ।

२०३७ सालको जेठ महीनामा विद्यालयको आयोजनामा शैक्षिक भ्रमण गरिएको थियो । यो भ्रमण गुल्मी जिल्लाका कतिपय महत्वपूर्ण स्थानहरूको प्रत्यक्ष अवलोकन र ज्ञानार्जनका निम्ति थियो । यस भ्रमणमा ५० जना विभिन्न कक्षाका विद्यार्थीहरू र ४ जना शिक्षकहरू सम्मिलित थिए । यस पछि विद्यालयले सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो ।

२०३७ साल कार्तिक महीनमा २७, २८ र २९ गते सन्धीखर्क, अर्घाखाँचीमा भएको छैठौं जिल्ला स्तरीय वीरेन्द्र शील्ड प्रतियोगितामा पहिला भई यस विद्यालयले एक वर्षका लागि उक्त शील्ड प्राप्त गरेको छ । छात्राहरूको एथ्लेटिक्स प्रतियोगितामा पनि दोस्रा भएको थियो । यसै गरी गत पुष महीनामा श्री ५ महाराजाधिराज सरकारको ३६ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा जिल्ला पञ्चायत अर्घाखाँचीले आयोजना गरेको अन्तर माध्यमिक विद्यालय भलिबल प्रतियोगितामा पहिलो स्थान प्राप्त गरेको थियो । यसरी यस विद्यालयले सहकार्यकलाप अन्तर्गतका विभिन्न क्षेत्रमा दिनानुदिन प्रगति गर्दै गईरहेको छ ।

विद्यालयमा विद्यार्थीहरुको संख्याः-

माध्यमिक विद्यालय सञ्चालन गर्ने लामो प्रतीक्षा पछि २०३५ सालमा आएर जनताको हार्दिक आकांक्षा पूरा भयो । कठोर भन्दा कठोर परिश्रम पछि यस विद्यालयले आपनो अनुहार स्तरीय रूपमा ठूलो र भव्य देखाउन सफल भयो । जनताको पसिना प्रशस्त मात्रामा भिजेका यस विद्यालयले छोटो अवधिमा गरेको कार्य प्रगति ज्यादै नै प्रशंसनीय छ । यस जिल्लाका अन्य माध्यमिक विद्यालयहरूको तुलनामा

विद्यार्थीहरूको संख्या द्रुततर गतिले बढ्दै आएकोमा यसको भविष्य अवश्य पनि उज्वलमय छ भन्न सकिन्छ । किन भने यसको चारै तर्फमा यसैलाई टेवा दिने खम्बाका रूपमा रहेका करीव ६-७ निम्न मा. विद्यालयहरूको संख्या छ । तर विद्यालयमा छात्रहरूको अनुपातमा छात्राहरूको संख्या निकै कमछ तापनि तल्लो स्तरका कक्षाहरूमा छात्राहरूको संख्या बढ्दो गतिमा छ । शैक्षिक सत्र ०३६।०३७ मा यस विद्यालयका कक्षा १ देखि कक्षा ९ सम्म पढ्ने विद्यार्थीहरूको जम्मा संख्या ६४९ थियो भने हाल कक्षा १ देखि कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीहरूको संख्या बढेर ७७१ हुन पुगेको छ ।

श्री सरस्वती म्या मा. विद्यालयमा शैक्षिक सत्र ०३६।०३७ मा अध्ययन गर्ने कक्षा १ देखि कक्षा ९ सम्मका विद्याहरूको अन्तिम परीक्षा (वार्षिक परीक्षामा) विद्यालय र आ-आपनो कक्षामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीहरूको विवरण यस प्रकार छ ।

विद्यालय प्रथम, द्वितीय र तृतीय हुने विभिन्न कक्षाका छात्रहरूः-

श्री मणिलाल खनाल-प्रथम कक्षा- ५
,, धर्मराज पाण्डे - द्वितीय, कक्षाः- ८
,, परशुराम भट्टराई-तृतीय, कक्षा- ८

उक्त परीक्षामा विभिन्न कक्षामा प्रथम, द्वितीय र तृतीय हुने छात्रहरूः-

कक्षा ९			कक्षा ४	
श्री	बाल कृष्ण भूसाल-	प्रथम	श्री पीताम्बर पाण्डे-	प्रथम
,,	लोक प्रसाद श्रेष्ठ-	द्वितीय	,, उमाकान्त आचार्य-	द्वितीय
,	अमर बहादुर पाण्डे-	तृतीय	,, ज्ञान बहादुर पाण्डे-	तृतीय
कक्षा ८			कक्षा २	
श्री	धर्मराज पाण्डे-	प्रथम	श्री रूपकुमार क्षेत्री-	प्रथम
,;	परशुराम भट्टराई-	द्वितीय	,, ध्रुव प्रसाद बञ्जाडे-	द्वितीय
,,	चन्द्रकान्त आचार्य-	तृतीय	सुश्री ज्ञान कुमारी सुनार-	तृतीय
कक्षा ६			कक्षा १	
श्री	दिलीप सुवेदी-	प्रथम	श्री नन्द प्रसाद पन्थी-	प्रथम
,,	ईश्वरी प्रसाद पाण्डे-	द्वितीय	,; राजकुमार प्रधान-	द्वितीय
,,	जीव नारायण बञ्जाडे-	तृतीय	सुश्री भीम कुमारी श्रेष्ठ-	तृतीय
कक्षा ५				
श्री	मणिराम खनाल-	प्रथम		
,,	टङ्क प्रसाद पाण्डे-	द्वितीय		
,,	लीलाधर भूसाल-	तृतीय		

विद्यालय सञ्चालक समिति

१-	श्री दुर्गा प्रसाद खनाल	(अध्यक्ष)
२-	श्री भुवनेश्वर श्रेष्ठ	(सदस्य)
३-	,, देवेन्द्रनाथ बज्राडे	,,
४-	,, डील प्रसाद श्रेष्ठ	,,
५-	,, मु॰ मतिलाल पाण्डे	,,
६-	,, ललितकुमार आचार्य	,,
७-	,, पीताम्बर बज्राडे	,,
८-	,, पीताम्बर भूसाल	,,
९-	,, दुर्गाप्रसाद बज्राडे	(सदस्य सचिव)

विद्यालय परिवार

			शिक्षकहरूको नाम	स्तर	योग्यता
१-	का. मु. प्र. अ.	श्री	दुर्गाप्रसाद बञ्जाडे	मा. वि.	बी. ए.
२-	शिक्षक	,,	कुलचन्द्र मरासिनी	,, ,,	शास्त्री, बी. एड.
३-	,,	,,	पीताम्बर भूसाल	,, ,,	डीप्. इन्. एड.
४-	,,	,,	धर्मलाल भूसाल	,, ,,	बी. ए.
५-	,,	,,	हुकुम बहादुर जी. सी।	,, ,,	डीप्. इन्. एड.
६-	,,	,,	खीम नारायण बञ्जाडे	,, ,,	वाणिज्य स्नातक
७-	,,	,,	माधव प्रसाद पन्थी	,, ,,	डीप्. इन्. एड बी. ए.
८-	,,	,,	नीर प्रसाद पाण्डे	नि. मा. वि.	आई. ए.
९-	,,	,,	राजेन्द्र कुमार आचार्य	,, ,,	आई. ए.
१०-	,,	,,	नेत्र प्रसाद उपाध्याय	,, ,,	शास्त्री
११-	,,	,,	राम प्रसाद भूसाल	,, ,,	आई. ए.
१२-	,,	,,	लाल बहादुर पाण्डे	,, ,,	सी. एड.
१३-	,,	,,	फविन्द्र प्रसाद पाण्डे	,, ,,	बि. एस्सी.
१४-	,,	,,	दिलु प्रसाद प्रधान	प्रा. वी.	एस, एल. सी.
१५-	,,	,,	अनिरूद्र सुवेदी	,, ,,	एस. एल. सी.
१६-	,,	,,	मेहर कुंवर	,, ,,	एस. एल. सी.
१७-	,,	,,	बुद्धिराम चुंदाली	,, ,,	एस. एल. सी.
१८-	पियन	श्री	राम प्रसाद मरासिनी—		साक्षर

'सूर्य' पत्रिकालाइ आर्थिक सहयोग गर्ने व्यक्तिहरुको नामावली

क्र. सं.		नाम	रकम रु.
१.	श्री	पदम लाल पाण्डे-	१५०।-
२.	,,	दुर्गा प्रसाद बज्राडे-	१०५।-
३.	,,	जीत मान श्रेष्ठ-	१०५।-
४.	,,	दुर्गा प्रसाद खनाल-	१०१।-
५.	,,	भूवनेश्वर श्रेष्ठ-	१०१।-
६.	,,	देवेन्द्र नाथ बज्राडे-	१०१।-
७.	,,	पीताम्बर बज्राडे-	१०१।-
८.	,,	मु. मतिलाल पाण्डे-	१०१।-
९.	,,	शेर बहादुर श्रेष्ठ-	१०१।-
१०.	,,	लक्ष्मी नारायण श्रेष्ठ-	१०१।-
११.	,,	खिम नारायण श्रेष्ठ-	१०१।-
१२.	,,	सूर्य प्रसाद श्रेष्ठ-	१०१।-
१३.	,,	ढाल बीर सुनार-	१०१।-
१४.	,,	ज्ञान कुमार श्रेष्ठ-	१०१।-
१५.	,,	नन्द राम भूसाल-	१००।-
१६.	,,	लाल कुमार श्रेष्ठ-	७५।-
१७.	,,	डिल प्रसाद श्रेष्ठ-	५१।-
१८.	,,	प्रेम नारायण श्रेष्ठ	५१।-
१९.	,,	ऋषि राम पाण्डे-	५१।-
२०.	,,	ज्ञान प्रसाद श्रेष्ठ-	५१।-
२१.	,,	घन श्याम बि. सी.-	५१।-
२२.	,,	योग राज न्यौपाने (क्यासियर)-	५१।-
२३.	,,	केशव खनाल-	५०।-
२४.	,,	रेम लाल पाण्डे-	५०।-
२५.	,,	राजेन्द्र कुमार भूसाल-	५०।-
२६.	,,	चेत बहादुर क्षत्री-	५०।-
२७.	,,	तुला राम पाण्डे-	५०।-

२८.	,,	अमर कुमार श्रेष्ठ–	५०।–
२९.	,,	विनोद कुमार श्रेष्ठ–	३०।–
३०.	,,	खिमानन्द घिमिरे–	२५।–
३१.	,,	गोपाल प्रसाद भुसाल–	२५।–
३२.	,,	भविश्वर पाण्डे–	२५।–
३३.	,,	मोति कुमार श्रेष्ठ–	२५।–
३४.	,,	रबिन्द्र कुमार श्रेष्ठ–	२५।–
३५.	,,	रबिन्द्र पन्थी–	२५।–
३६.	,,	भण्डारी छापाखाना–	१५।–
३७.	,,	शम्भु मियाँ–	१५।–
३८.	,,	हरि प्रसाद गैरे–	१०।–

सञ्चालक समितिका अध्यक्षको मन्तव्य

दुर्गा प्रसाद खनाल

श्री सरस्वती व्यावसायिक माध्यमिक विद्यालय, सूर्य धुमले यही २०३८ सालको बडा दशैंको उपलक्ष्यमा आफ्नो वार्षिक मुख पत्र 'सूर्य' निकालेर आफुले सक्दो प्रकाश यहाँका पाखा-पखेरामा छर्न लागिरहेछ भन्ने कुराले हर्षित तुल्याएको छ। अहिले 'सूर्य' मा प्रकाशनार्थ केही कुराहरू लेख्न लाग्दा मलाई सम्झना भइरहेछ २०१५-१७ सालतिरको भर्खरै सरस्वती व्यावसायिक माध्यमिक विद्यालयको जन्म कालका वर्षहरूको। यो विद्यालयको जीवनमा ठूला-ठूला उथल-पुथलहरू आएका हुन्। यसले अनेकौं समस्याहरूसँग जुद्दै अनेकौं कष्टपूर्ण दिनहरू पार गर्दै आएको इतिहास बोल्दै छ। यहाँका जनताले उत्साहका साथ बगाएका पसिनाहरू नै आज फूलिरहेको जस्तो लागिरहे छ। स्कूलको १४ कोठे भवन निर्माणको निम्ति यो विद्यालयमा खटिइ आएका रा. वि. से. छात्रहरू श्री हरि ज्ञवाली र भिष्म राज खड्काको योग दानको पनि सम्झना भइरहेछ। साथै भगवति गा. पं., अर्घातोस् गा. प. र नरेन्द्र गा. प. का जनप्रतिनिधि र जनताले जुन उत्साह र उमंगका साथ पसिना बगाउनु भयो, त्यो अति वर्णन गरे पनि थोरै हुने छ। छत्र गञ्ज गा. पं. को पनि योग दान बिर्सन सकिदैन। जनता र जन प्रतिनिधिले जुन उत्साहकासाथ भयानक पहाडलाई काटेर समतल मैदान बनाएर जसबाट प्रभावित भएर तत्कालिन शिक्षा मन्त्री श्री पशुपति समसेर ज. ब. रा. ले जनताले बगाएका मुरी-मुरी पसिनाको कदर स्वरूप

यसलाई तुरुन्तै स्थायी स्वीकृति प्रदान गर्नु भयो त्यो कुरा आज एउटा कथा जस्तै भएको छ। लागिरहेछ आज ती पसिनाहरू फुल्दैछन्, फल्दैछन्।

साहित्य पनि मानव जीवनको एउटा अभिन्न अंग हो। विद्यालय भन्नु नै मानिसलाई सही आँखा प्रदान गर्ने पवित्र मन्दिर हो। आज फेरी त्यो मन्दिरबाट 'सूर्य' के प्रकाश फैलिन लागिरहे छ त्यो मन् हर्षको कुरा हो। अब आउने वर्षहरूमा यो पवित्र मन्दिरबाट 'सूर्य' उदाई रहोस् र साहित्यिक र सांस्कृतिक संसारमा आफ्ना किरण छर्न पछि नपरोस्, कुना कान्चा सम्म आफ्ना किरण फैलाई स्वस्थ्य, नैतिक वान् र सच्चरित्र वान् मानव समाजको निर्माणमा लागिरहोस्। शरद्मा आफ्ना उज्वलकिरण छर्न लागिरहेको सूर्यलाई हार्दिक शुभ-कामना दिन चाहन्छु।

अहिले विद्यालयमा खाँचो भएको खाने पानी र छात्रावासको लागि पनि विगत वर्षहरूमा यस विद्यालय प्रति जुन उत्साह र उमंगका साथ जस्तो सहयोग प्राप्त भयो त्यसै गरी अगाडि आइरहेका समस्याहरू पनि समाधान गर्न सफल हुने छौं भन्ने विश्वस्त छु।

साथै भविष्यमा यहाँको जन आकांक्षा अनुकूल यो विद्यालयले क्याम्पसमा परिणत हुने सौभाग्य पाओस् भन्ने हार्दिक इच्छा व्यक्त गर्दछु।

शुभ विजया दशमीको शुभद उपलक्ष्यमा यस सरस्वती व्या. मा. वि. का शिक्षक, विद्यार्थी तथा सम्पूर्ण नेपाली दाज्यू-भाई दिदी-बहिनीहरुमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछु।

पीताम्बर बन्जाडे
सदस्य सञ्चालक समिति

२०३८ सालको बडा दशैंको शुभ मुहुर्तमा सम्पूर्ण शिक्षक, विद्यार्थी र जिल्ला वासीहरुको सुख, सुस्वास्थ्य र प्रगतिको निम्ति हार्दिक शुभ कामना टक्र्याउन चाहन्छु।

भुवनेश्वर श्रेष्ठ
सदस्य सञ्चालक समिति

किरण पुस्तकालय

तमघास, गुल्मीलाई

पुस्तक तथा पत्र पत्रिकाहरु पठाएर

सहयोग गर्नुहोस्

र

यस पुस्तकालयद्वारा ६-६ महीनामा

प्रकाशित हुने

हाम्रो पुरुषार्थ

नियमित रूपमा पढ्ने गर्नुहोस्

ग्राहक बन्नुहोस, विज्ञापन दिनुहोस् र

रचना पठाउनुहोस्

अहिलेसम्म हाम्रो पुरुषार्थका एउटा विशेषाङ्क र २ वटा अतिरिक्ताङ्क समेत गरी १२ वटा अङ्कहरु प्रकाशमा आइसकेका छन् । पुस्तकालयबाटै प्रकाशित

रेसुङ्गाका आध्यात्मिक कृति

र

वाणोपनिषद् पनि पढ्न नबिर्सनुहोस्

पुस्तकालयका सम्पूर्ण प्रकाशनहरु रू. ५०।– मा पाउन सकिन्छ ।

शुभ विजया दशमी

२०३८

ले

सम्पूर्ण वाल-वालिकाहरुलाई शिक्षा प्राप्त गर्ने सुअवसरका साथै उनका अभिभावकहरुलाई सुखी र सम्पन्नशाली बनाउने शक्ति प्रदान गरोस् ।

सरस्वती व्यावसायिक माध्यमिक विद्यालय परिवार

सूर्यथुम

(अर्घाखाँची, लु० अं० (नेपाल)

मुद्रक:- भण्डारी छापाखाना तमघास, गुल्मी